नमोऽस्तु प्रणवाख्याय ऋग्यजुः साममूर्तये ।
छन्दोवाहरथस्थाय श्रुतिघण्टावरूथिने ।।
ज्योतिः शास्त्राय सूत्राय शिक्षासारथिवाहिने ।
कात्यायनप्रतीताय गृह्यरश्मिभृते नमः ।।
नमो व्याकरणोद्गीतदृढकङ्कणधारिणे ।
निरुक्तचापिने तुभ्यं यज्ञवाणिप्रवर्षिणे ।।
नमो निदाघतोयेन सद्यः शीतरसायने ।
नमः कमलकोशान्तर्हर्म्यकृतजगत्त्रयः ।।
श्रीप्रदाय प्रसन्नानामार्तीनाशनहेतवे ।
नमः सहस्रदीनार्त उद्धाराय विवस्वते ।।

भास्वते विश्वसम्पूर्तिस्थितिसंहारकारिणे ।
मनोवाक्कायजनितपापतापाय हारिण ।।
विश्वतश्चक्षुरूपस्त्वं त्वं देवो विश्वतोमुखः ।
एको देवः स जातोऽयं द्यावाभूमि विरोचयेत् ।।

नमस्कारः– नमः सवित्रे जगदेकचक्षुषे जगत्प्रसूतिस्थितिनाशहेतवे ।
त्रयीमयाय त्रिगुणात्मधारिणे विरञ्चिनारायणशङ्करात्मने ।।
कलात्मसर्वभूतात्मन् वेदात्मन् सर्वतोमुख ! ।
यस्मादग्नीन्दुरूपस्त्वमतः पाहि प्रभाकर ! ।।
नमः सवित्रे जगदेकचक्षुषे त्रयीमयायाऽखिलदेवपूजिते ।
दीप्तप्रकाशाय सुवर्णचक्षुषे सुघोरसंसारभयप्रणाशिने ।।
सुघोरसंसारनिमग्नभूतजने प्रपन्ने सुविवेकदायिने ।
कालोपमाच्छत्रुभयाद् विमोचय सन्त्राहि तुभ्यं प्रणतोऽस्मि देव ।।

पुनरर्घ्यं दद्यात् फल-पुष्प-चन्दनाक्षत-दूर्वाभिः–
एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते ।
अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ।।

प्रार्थना–
नमोऽस्तु सूर्याय नमोऽस्तु भानवे । नमोऽस्तु वैश्वानरजातवेदसे ।।
ममेदमर्घ्यं प्रतिगृह्ण देव । देवादिदेवाय नमो नमस्ते ।।

दण्डवत्– एकचक्रो रथो यस्य दिव्यः कनकभूषितः ।
स मे भवतु सुप्रीतः पद्महस्तो दिवाकरः ।।
भानो भास्कर मार्तण्ड ! चण्डरश्मे दिवाकर ! ।
आरोग्यमायुर्विजयं विद्यां देहि नमोऽस्तु ते ।।

प्रदक्षिणा– यानि कानि च पापानि जन्मान्तरकृतानि च ।
तानि सर्वाणि नश्यन्तु प्रदक्षिण पदे पदे ।।

उत्तराङ्गपूजा– यान्तु देवगणाः सर्वे पूजामादाय पार्थिवीम् ।
इष्टकामप्रसिद्ध्यर्थं पुनरागमनाय च ।।

गच्छ गच्छ सुरश्रेष्ठ! स्वस्थानं परमेश्वर।
यत्र ब्रह्मादयो देवाः सुरा तिष्ठन्ति हर्षिताः।।
अपराधसहस्राणि क्रियन्तेऽहर्निशं मया।
दासोऽयमिति मां मत्वा क्षमस्व परमेश्वर!।।

अर्घ्यं उत्थाप्य– आवाहनं न जानामि न जानामि विसर्जनम्।
पूजां चैव न जानामि क्षमस्व परमेश्वर।।
मन्त्रहीनं क्रियाहीनं विधिहीनं सुरेश्वर।
यत्पूजितं मया देव परिपूर्णं तदस्तु मे।।
संहारमुद्रया पुष्पं गृहीत्वा उत्तरं क्षिपेत्।

ॐ अद्येह पूर्वकृतसङ्कल्पसिद्धिरस्तु अमुकगोत्राया अमुकनाम्नीदेव्याः सपरिवाराया दीप-कलश-गणपतिपूजनकृतस्य श्रीसूर्यस्य यथामिलितोपचारेणकृतस्य पूजनसाङ्गतासिद्ध्यर्थं दक्षिणां यथानामदैवताकं यथानामगोत्राय ब्राह्मणाय दातुमहं समुत्सृजे।।

समर्पणम्– कायेन वाचा मनसेन्द्रियैर्वा बुद्ध्यात्मना वा प्रकृतिः स्वभावात्।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पये तत्।।

इति श्रीसूर्यपूजाविधिः समाप्ता

अथ सूर्य ग्रह-शान्ति-प्रयोगः

(मदनरत्ने) भविष्ये

आदित्यवारं हस्तेन पूर्वं गृह्य विचक्षणः ।
मन्त्रोक्तविधिना सर्वं कुर्यात्पूजादिकं रवेः ।।

प्रत्येकं सप्तनक्तानि कृत्वा भक्तिपरो नरः ।
ततस्तु सप्तमे प्राप्ते कुर्याद्ब्राह्मणभोजनम् ।।

भास्करं शुद्ध सौवर्णं कृत्वा यत्नेन मानवः ।
ताम्रपात्रं स्नापयित्वा रक्तपुष्पैः प्रपूजयेत् ।।

रक्तवस्त्रयुगच्छत्रं छत्रोपानद्युगान्वितम् ।
घृतेन स्नापयित्वा च लड्डुकान् विनिवेद्य च ।।

होमं तिलघृतैः कुर्याद् रविनाम्ना च मन्त्रवित् ।
समिधोऽष्टोत्तरशतमष्टाविंशतिरेव वा ।।

होतव्या मधुसर्पिभ्यां दध्ना चैव घृतेन च ।
मन्त्रेणानेन विदुषे ब्राह्मणाय प्रदापयेत् ।।

ॐ आदिदेव नमस्तुभ्यं सप्तसप्ते दिवाकर ।
त्वं रवे तारयस्वास्मानस्मात्संसारसागरात् ।।
(सूर्य पीडासु घोरासु कृता शान्तिः शुभप्रदा)

हस्तनक्षत्रयुतं आदित्यवारं प्रगृह्य सप्तनक्त व्रतानि भक्तितः कृत्वा प्रतिदिनं रक्तपुष्पाक्षतादिभिरर्कमभ्यर्च्य सप्तमे प्राप्ते प्रातः स्नात्वा शुक्लधौतवाससी परिधाय यथायोग्यालङ्कृतः स्वासने प्राङ्मुख उपविश्य दक्षिणपार्श्वे सम्भारान् संस्थाप्य धृतपवित्रतिलकः पत्न्या समारब्धो द्विराचम्य प्राणानायम्य शान्तिपाठं पठित्वा लक्ष्मीनारायणादिदेवान् प्रणमेत् । ततो देशकालौ सङ्कीर्त्य "अद्येह शुभपुण्यतिथावमुकगोत्राऽमुकशर्मा वा गुप्तोऽहं (देव्याऽहं) मम श्रुतिस्मृतिपुराणोक्त फलप्राप्त्यर्थं मम कलत्रादिभिः सह जन्मराशेः सकाशात् नामराशेः सकाशाद्वा जन्मलग्नात् वर्षलग्नात् गोचराद्वा चतुर्थाष्टमद्वादशाद्यनिष्टस्थानस्थित सूर्येणसूचितं सूचयिष्यमाण च

यत् सर्वारिष्ट तद्विनाशार्थं सर्वदा तृत्तीयैकादशशुभस्थानस्थितवदुत्तम फलप्राप्त्यर्थं तथा दशान्तर दशोपदशाजनितपीडाल्पायुधदैवाधि-भौतिककाध्यात्मिकक्लेश निवृत्तिपूर्वक शरीरारोग्यार्थं परमैश्वर्य्यादि-प्राप्त्यर्थं श्रीसूर्यनारायण प्रसन्नार्थं चादित्यशान्तिं करिष्ये ।'' इति सङ्कल्प्य तदङ्गत्वेन गणपतिपूजनं स्वस्तिपुण्याहवाचनमाचार्यवरण दिग्रक्षणं अग्निस्थापनपूर्वकं सामान्यतो ग्रहपूजनं च कुर्यात् । ततो वेदीमध्ये पद्मे ताम्र कलशं संस्थाप्य तदुपरि ताम्रपात्रे शुद्धसुवर्णमयीं प्रधानदेवसूर्यप्रतिमां अग्नुत्तारणपूर्वकं सन्निधाय रक्तपट्ट युगाच्छन्नां छत्रोपानद्युगान्वितां च कृत्वा घृतेन संस्नाप्य रक्तचन्दन रक्तपुष्पाक्षतादिभिः पुरुषसूक्तेन षोडशोपचारैः सम्पूज्य लड्डूकान्निवेद्य प्रणम्य कुशकण्डिकां कृत्वा आज्यभागान्ते प्रधानदेवसूर्याय दधिक्षीरघृताक्ताश्चरूशाकल्य-सहिताअर्कसमिधः ''ॐ आकृष्णेन......... भुवनानि पश्यन्'' इति मन्त्रेणाष्टोत्तरशत संख्याया जुहुयात् 'इदं सूर्याय न मम' इति त्यागः कार्यः । ततो होमान्ते दिक्पालक्षेत्रपालादिभ्यो बलिदानं पूर्णाहुतिहोमं च कृत्वा ततो मञ्जिष्ठा गजम्दं कुङ्कुमं रक्तचन्दनं जलपूर्णेन ताम्रकुम्भे क्षिप्त्वा पूर्ववदभिषेकं ग्रहस्नानं च कुर्यात् । ततो वेदविदुषे ब्राह्मणाय 'ॐ इमां सूर्यप्रतिमां सोपस्करां तुभ्यमहं सम्प्रददे' । इति सङ्कल्प 'ॐ आदिदेव नमस्तुभ्यं सप्तसप्ते दिवाकर । त्वे रवे तारयस्वास्मानस्मात्संसारसागरात् ।।' इति मन्त्रेण प्रतिमां दद्यात् । ततो माणिक्य, गोधूम, धेनु, रक्तवस्त्र, गुण, ताम्र, रक्तचन्दन, कमलानि रवेः प्रीत्यर्थं देयानि । ततो विप्रेभ्यो दक्षिणादानम्, देवविसर्जनं च कृत्वा ब्राह्मणान् सम्भोजयित्वाा कर्मपूर्तिकामो विष्णुं संस्मरेत् ।।

इत्यादित्यशान्तिः

सूर्ययन्त्रम् (पञ्चदशी)

रसेन्दुनागा नगवाणरामा युग्माङ्कवेदा नवकोष्ठमध्ये ।
विलिख्य धार्यं गदनाशनाय वदन्ति गर्गादिमहामुनीद्रा ।।

६	१	८
७	५	३
२	९	४

रविवारको दिन ब्रह्म मूहुर्तमा अथवा रविपुष्य योग परेको समय स्नान-पूजादि सकेर दाडिम(अनार)को कलमले रक्तचन्दनको मसी बनाई यस यन्त्रलाई भोजपत्रमा लेख्नु ।

यस उपरान्त न्यास आदि गरेर १०८ पटक गायत्री जप्नु अनि यस यन्त्रको षोडशोपचार वा पञ्चोपचारले पूजन गर्नु ।

अब तामाको हवन कुण्डमा अग्नि प्रज्वलित गरी आम वा बेलको काठको समिधा बनाई सूर्यको सहस्रनामावलिले शुद्ध गोघृतको आहुति दिनु । उपरान्त हवन-कुण्डमाथि यस यन्त्रलाई १२ पटक फिराएर पुनः पूजास्थानमा रातो वस्त्रको आसनमा स्थापित गर्नु ।

प्रतिदिन यस सूर्ययन्त्रको पूजन गर्नाले निःसन्देह दरिद्रता र समस्त प्रकारका रोग-व्याधिहरूको नाश हुनेछ ।

त्रैलोक्यमङ्गलसूर्यस्तोत्रम्

(श्रीसूर्य स्तोत्रावली)

को

परिशिष्टभाग

पाठकवृन्द !

यस श्रीसूर्यस्तोत्रावलीको परिशिष्टभागमा ज्योतिष विज्ञानमा श्रीसूर्यको के-कस्तो स्थान छ ? व्यक्तिको जन्मकुण्डलीमा सूर्यमा कुन-कुन ग्रहरूको दृष्टि भए व्यक्तिले कस्तो-कस्तो फल भोग प्राप्त गर्दछ र सूर्य ग्रह कुन-कुन भावमा स्थित भए व्यक्तिले के-कस्तो फल पाउने गर्दछ ? भन्ने जस्ता विषयहरूमा ज्योतिषका अनेक प्रामाणिक ग्रन्थहरूको आधारले प्रकाश पार्ने प्रयास गरिएको छ । निश्चय नै स्तोत्र-मन्त्रमा बाहेक ज्योतिष विषयमा पनि रुचि हुनेहरूका लागि यो पुस्तक बहुउपयोगी साबित हुनेछ ।

श्रीसूर्यको केही पर्यायनामहरू

रवि, सूर्य, हेली, भानुमान्, दीप्तरश्मि, विकर्तन, भास्कर, इन, अहस्कर, तपन, पूषा, अरुण, अर्क, अद्रि, वनजवनपति, दिनमणि, नलिनीविलासी, पद्मिनीश, पद्मिनीप्राणनाथ, दिवाकर, मार्तण्ड, उष्णरश्मि, उष्णांशु, प्रभाकर, विभावसु, तीष्णांशु, तीक्ष्णरश्मि, नग, नभेश्वर, ध्वान्तध्वंसी, चण्डभानु, चण्डदीक्षिति, चित्ररथ । (यी नामका अतिरिक्त सूर्यका १००, १०८, १००८ नामहरू पनि ज्यादै प्रसिद्ध र प्रचलित छन्) ।

सूर्यको सामान्य वर्णन : स्वरूप वर्णन

मधुपिङ्गलदृक् चतुरस्रतनुः पित्तप्रकृतिः सविताऽल्पकचः ।
शूरः स्तब्धः विकलतनयनः निर्घृणः अर्के तनुस्थे ।।

कालात्मा दिनकृत्, राजानोरविः, रक्त श्यामो भास्करो वर्णस्ताम्रः, देवता वह्निः प्रागाद्या ।। —आचार्य वराहमिहिर

अर्थ– ज्योतिषका मूर्धन्य प्राचीनकालिक विद्वान वराहमिहिरको अनुसार (रवि) महको समान रातो रङ्गको देखिने गर्दछ । सूक्ष्मदृष्टिले घामलाई हेर्दा यो केही पहेंलो तथा रातो रङ्गको जस्तो देखिन्छ । यसकारण जुन मानिसको ग्रहमा सूर्य मुख्य हुन्छ र उनीहरूको दृष्टि ज्यादै तीखो हुन्छ । आँखाका कुना-कुनामा राता-राता रेखाहरूको अधिकता रहन्छ । शरीर चेप्टो र चारपाटे हुन्छ ।

रवि रूखो र तातो हुन्छ। अत: पित्तप्रकृति हुनु स्वाभाविकै हो। (अल्पकच:) शरीरमा रौं(कपाल)हरू बहुत कम हुन्छन्। स्त्री राशिमा सूर्य छ भने रौं झन हुँदैनन्।

(देवगृह) सूर्य (रवि) त पूर्णब्रह्मका नै प्रत्यक्ष रूप हुन्। अत: यिनको निवास-स्थान मन्दिर अथवा देवगृह आदिमा हुन सक्दछ। सामान्यत: रवि(सूर्य)को धातु तामो हो मानिन्छ, तर वास्तवमा विचार गर्ने हो भने यिनको धातु सुवर्ण (सुन) उपयुक्त देखिन्छ।

इनको ऋतु ग्रीष्म हो र यिनी उत्तरायणमा (माघ देखि असारसम्म) बलवान् रहन्छन्, यिनको दिशा पूर्व हो, वर्ण क्षत्रिय हो, तत्व तेज हो, यिनी पुरुष ग्रह हुन् तथा सत्वगुणी हुन्, सूर्यले पाप-फल पनि दिने हुनाले यिनलाई रजोगुणी पनि मानिन्छ; ग्रहहरूका पिता र राजा तथा कालपुरुषका आत्मा पनि सूर्य नै हुन्। इनमा तेजस्वीता अत्यधिक हुनाले बलवान सूर्य हुँदा जातक शूरवीर, उद्दण्ड र कहिलेकाहिं निर्दयी पनि हुन जान्छ, र साथैं नेत्ररोगको पनि सम्भावना रहन सक्छ।

सूर्यो नृपो वा चतुरस्त्रमध्यं दिनेन्द्रदृक् स्वर्ण चतुष्पदोऽग्रः।
सत्त्वं स्थिरं तिक्तपशुक्षितिस्तु पित्तं जरन् पाटलमूलवन्यः।। —मानसागर

अर्थ– सूर्य क्षत्रिय हुन्, यी राजा र पुरुषग्रह हुन्। यिनी चारपाटे आकारका, मध्याह्नमा बली र पूर्वदिशाका स्वामी हुन्। सुवर्णद्रव्यका मालिक र चौपाया(पशुहरू)-का स्वामी हुन्। उग्र (डरलाग्दो), पाप, सत्त्वगुणी, स्थिर, तीतो-रस मनपर्ने, पशुहरूको भूमिमा रहनेवाला, पित्तप्रधानप्रकृतिका, वृद्धपाटल (सेतो र रातो मिलेको) वर्ण, मूल-धान्य आदिका स्वामी र वनचर(वनमा रहने, डुल्ने-घुम्ने आदि पशु-पक्षि)का स्वामी हुन्।

पित्तास्थिसारोऽल्पकचश्चरक्त श्यामाकृतिः स्यात् मधुपिङ्गलाक्षः।
कौसुम्बवासाः चतुरस्त्रदेहः शूरः प्रचण्डः पृथुबाहुरर्कः।।—मन्त्रेश्वर

अर्थ– सूर्यको प्रकृति पित्तप्रधान छ, यिनका हाड बलिया र कपाल अल्प र रातो मिश्रित कालो रङ्गका छन्। यिनका आँखा महको जस्तो राता-राता छन्। यिनका वस्त्र पनि रातै रङ्गका छन्। यिनको शरीर चाक्लो र चारपाटे परेको हुन्छ। सूर्यको रवि, शूर, तीष्ण र क्रूर नामका चारओटा लामा र मोटा पाखुरा(हात)हरू छन्।

शूरोगभीरः चतुरः सुरूपः श्यामारुणः चाल्पक कुन्तलश्च।
सवृत्तगात्रः मधुपिङ्गनेत्रः मित्रो हि पित्तास्थ्यकिधो न तुङ्गः।। —ढुण्ढिराज

अर्थ– सूर्य शूर, गम्भीर, चतुर, सुन्दर र थोरै कपाल भएका हुन्छन् यिनको रङ्ग

कालिमा युक्त रातो हुन्छ । यिनको शरीर गोलो अर्थात् पुष्ट हुन्छ । यिनका आँखा महको समान हल्का पहेंलो हुनेछ । यिनका हाड बलिया हुन्छन् । यिनमा पित्तको प्रधानता हुन्छ । सूर्यको प्रभाव भएको व्यक्ति सामान्यतया केही अग्लो हुन्छ, तर ज्यादै अग्लो भने हुँदैन ।

सूर्यः सपित्तः तनुकायकेशः शश्यामशोणः चतुरस्त्रदेहः ।
शूरोऽस्थिसारः मधुपिङ्गलाक्षः पृथुः सुवर्णः दृढकायवान् च ।। —जयदेव

अर्थ– सूर्य पित्तप्रधान प्रकृतिवाला हुन् । यिनका शिरको कपाल धेरै नै छोटा हुन्छन् । यिनको रङ्ग कालिमा लिएको रातो छ । यी शूरवीर छन् । इनको बल हाडमा छ र आँखाको रङ्ग महसरी हल्का पहेंलो छ । यिनको शरीर दृढ, बलियो र स्थूल छ ।

भानुः श्यामललोहितद्युतितनुः । कालस्यात्मा भास्करः । दिनेशोराजा । भानुः श्यामलोहितः । प्रकाशकौ शीतकरक्षपाकरौ । रविः पृष्ठेनोदेति सर्वदा । विहगस्वरूपो वासरेशो भवति । शैलाटवी सञ्चारी । ताम्रधातुस्वरूपः । द्युचरौ अरुणौ । देवता वह्निः । माणिक्यं दिन नायकस्य । स्थूलाम्बरम् । प्रागादिको भानुः । क्रीडास्थाने देवगृहम् । सत्त्वप्रधानः । नराकारो भानुः । अस्थि, कटु, दक्षिणायनबली । स्थिरः । अर्केण मन्दः । —वैद्यनाथ

अर्थ– सूर्यको रङ्ग कालिमा लिएको रातो छ । सूर्य 'काल'(पुरुष)का आत्मा हुन् । सूर्य राजा हो । सूर्य र चन्द्र उज्यालो (प्रकाश) दिनेवाला हुन् । रवि सधैं पछाडितिरबाट उदाउँछ । दिवसेश्वर सूर्य चरा जस्तै छ । किनकि यिनको हिंड्ने काम प्रतिदिन आकाशमै हुन्छ । यिनको रङ्ग तामाको जस्तो च । इनका देवता अग्नि हुन् । माणिक नामको रत्न सूर्यको हो । यिनले बाक्ला मोटा कपडा लगाउँछन् । यिनको दिशा पूर्व हो । यिनको खेल्ने ठाउँ देवमन्दिर हो । यिनी सत्त्वगुण प्रधानका मानिन्छन् । इनको व्यक्तित्व (आकार) मानिसको जस्तै छ, यिनका हाड बलिया छन् भने यिनलाई कटु (तीतो) पदार्थ रुचिकर लाग्दछन् । यिनी दक्षिणायनमा पनि बलवान् मानिन्छन् (तर उत्तरायणमा अझ बढी बलवान् मानिन्छन्) । यिनी स्थिर छन् अर्थात् अन्य ग्रहहरू यिनको चारैतिर भ्रमण गर्दछन् । सबै ग्रहहरूलाई एक-एकपटक आफ्नो तेजद्वारा बलहीन वा अस्त गरिदिन्छन् । शनि पनि सूर्यद्वारा पराजित हुन्छन् (यस्तो वैद्यनाथको मत छ, तर अनुभवमा यसको उल्टो लाग्दछ) ।

स्वोच्चस्वकीयभवने स्वदृाण के च होरावारांशकोदयगणेषु दिनस्यमध्ये ।
राशिप्रवेश समये सुहृदंशकादौ मेषेरणे दिनमणिर्बलवानजस्त्रम् ।।

रवि आफ्नो उच्चराशि मेषमा बलवान् हुन्छन्। सिंहराशिमा पनि बलवान् हुन्छन्। आफ्नो द्रेष्काण र होरामा, आफ्नो वार(आइतवार)मा दिनको मध्यभाग अर्थात् दोपहरमा, एक राशिबाट अर्को राशिमा प्रवेश गर्दाको समयमा, मित्र ग्रहको अंशमा र दशम भावमा हुँदा बलवान् हुन्छन्। उत्तरायणमा त बलवान् हुन्छन् नै तर दक्षिणायनमा पनि बलवान् हुन्छन्।

''अर्का ब्रुवतेऽरण्यचारिः।''

सूर्य आत्मज्ञानको कारक हुनाले रवि प्रधानव्यक्ति परमार्थ योग-प्राप्त गर्नको लागि जङ्गलमा (वा) एकान्तवास गर्दछन्।

रविवार जन्म हुने अथवा रविप्रधान जातकलाई हुन सक्ने रोग :

सदा शिरोरुग्ज्वरवृद्धिदीपनः क्षयातिसारादिक रोगसङ्कुलैः।
नृपालदेवावनिदेवकिङ्करैः करोति चित्त व्यसनं दिवाकरः।।

रवि प्रभावाति जातकलाई निम्न रोगादि हुनसक्नेछन्; सधैं टाउको दुखिरहने, ज्वरोको वृद्धि र तीव्रता, क्षय, अतिसार आदि। साथै राज्यपक्ष(सरकार)बाट मनमा तापको वृद्धि र कुनै देवताको अप्रतिष्ठा हुन गएकोले चित्तमा विकार, भू-देव, ब्राह्मणहरूबाट शापको भय आदि समस्याहरू झेल्नुपर्ने अवस्था आइपर्न सक्छ।

विशेषत: मेष, सिंह र धनु लग्नमा जब सूर्य धनस्थानमा छ; मिथुन, तुला र कुम्भ लग्नमा जब सूर्य व्ययस्थानमा छ भने (र) वृष, कन्या, मकर लग्नमा जब सूर्य अष्टममा छ र कर्क, वृश्चिक, मीन लग्नमा जब रवि दशम वा छैठौंमा छ भने माथि बताइएका रोगहरू र समस्या आइपर्नेछन्।

सूर्य कुन राशिमा हुँदा कस्तो फल दिन्छन्

ज्योतिषका प्रकाण्ड विद्वान् स्वर्गीय काटवेको अनुसार मेष-खराब, वृष-सामान्य, मिथुन-राम्रो र नराम्रो दुवै, कर्क-राम्रो, सिंह-खराब (नराम्रो), कन्या-सामान्य, तुला-ज्यादै राम्रो, वृश्चिक-राम्रो पनि नराम्रो पनि, धनु-राम्रो, मकर-साधारण, कुम्भ-नराम्रो र मीनमा सामान्य (साधारण) फल हुन्छ।

यिनको मतानुसार मेषको सूर्य उच्च भएकोले तापदायी हुन्छ, यसकारण खराब-नराम्रो भनिएको हो। यसैगरी नीचराशि तुलाका सूर्य हितकारक हुन्छ। निष्कर्षत: निक्ल्यो कि उच्चपद प्राप्त गरेको व्यक्तिलाई नीचतातर्फ झुकाउन थाल्दछ। अर्थात् अति उच्चपद पाएको मानिस ज्यादै हानिकारक कर्म तर्फ उन्मुख हुन थाल्दछ, यो उसको इच्छाले नभई ग्रहले पार्ने कुरा हो।

सूर्यका कारकत्त्व

पितृ प्रतापारोग्य मनः शुचिरुचि ज्ञानोदय कारकः रविः ।। —वैद्यनाथ

बुबाको पराक्रम, रोगहरूका विरुद्ध प्रतिकार गर्ने शक्ति, मनको पवित्रता, रुचि, ज्ञानको उद्‌गम, आत्मकल्याण इत्यादि विषयहरूको विचार सूर्य रहेको स्थानबाट (सूर्यबाट) गरिन्छ ।

सारावली नामक ग्रन्थको रचयिताको मतानुसार बाघ, सिंह, पर्वत, ऊनी कपडा, सुन, शास्त्र, विषद्वारा शरीर जलन, औषधि, राजा, म्लेच्छ, महासागर, मोती, वन, दाउरा, मन्त्र आदिको विचार पनि सूर्यबाटै गरिन्छ ।

'बृहत्पाराशरी' को रचनाकार अनुसार राज्य, मूँगा, रातो कपडा, माणिक, शिकार खेल्ने बानी र कुशलता, जङ्गल, पर्वत, क्षत्रियहरूको कर्म आदि-आदिको कारक सूर्य हुन् ।

विद्यारण्यको मतानुसार आत्मप्रभाव वा आत्मबल, शक्ति, पिताको चिन्ता आदि विषयहरूको विचार सूर्यबाट गरिन्छ र यी सब सूर्यकै कारण हुन्छन् ।

कालिदासका अनुसार आत्मशक्ति, लामो समयसम्म प्रयास वा संघर्ष गर्ने क्षमता, आत्मप्रत्यय (आत्माको बोध), उच्च सोचाइ, पराक्रम, उच्च दृष्टि, अतिदुष्टता, तपस्या, प्रभाव, शिवको उपासना, धैर्य, राजकृपा वा राजभय, मनको पवित्रता, सर्वाधिकारकत्त्व, शत्रु-विजय, सत्य, शत्रुता, रोगबाट मुक्ति, मस्तिष्कको रोग, किला (दुर्ग), राम्रो शक्ति, उष्णता, अग्नि, काँढावाला वृक्ष, कटुता, दीर्घकाल पर्यन्त द्वेष वा क्रोध राख्ने प्रवृत्ति, वृद्धता, गाई-भैंसी आदि पशु, जग्गा-जमीन, पिता, रुचि, डरछेरुवा र सदैव आमाको बच्चा, मृत्युलोक, ठूला र चेप्टा हाड, कोख, जङ्गल, अयन, आँखा, वनमा घूमफिर, चौपाया पशु, मोटो डोरी, राजा, प्रवास, व्यवहार, पित्त, आकृतिको गोलाइ, आँखाका रोग, शरीर, घाँस, दाउरा, अलङ्कार (गहना), मोती, आकाशको आधिपत्य, पुड्कोपना, पूर्व-दिशाको स्वामित्व, तामा, राज्य, रातो कपडा, औंलामा लगाउने औंठी र औंठीमा प्रयोग गारने पत्थर, लोकसेवा, नदी-किनारा, प्रवाल (मूँगा), मध्याह्नको बलाबल , पूर्व मुख, केशर, आदिको विचार सूर्य के स्थितिबाट गर्नु पर्दछ ।

विभिन्न राशिहरूमा स्थित सूर्यको कारकत्त्व

मेष– क्षात्रकर्म, फोरमैन, तामा, माणिक, मूँगा, ऊनीकपड़ा ।

वृष– औषधिहरू, पशु, घाँस, दाउरा, किसान, नाच-गृह, नाच्नु, आदि ।

कर्क– बिजुली, बिजुलीबाट चल्ने मेशिनरी चीजहरूको काम, वैद्य, आँखाको डॉक्टर।

सिंह– गर-गहना, बाँडा, केशर, तानाशाह, राजा।

कन्या– (हाकिम), गिलटधातु, खाद्यान्न, सार्वजनिक (सरकारी) कार्यालयको कर्मचारी।

तुला– निजामति (हाकिम), दौत्य कर्म, प्लेटिनम धातु, राजदूत।

वृश्चिक– पत्थर, रक्तचन्दन, चन्दन, कांचो रेशम, शस्त्र, शरीरशास्त्री।

धनु– सुन, रेडियम, न्याय विचारक, धर्मगुरु, कानुनको विशेषज्ञ तथा कानुन निर्माता।

मकर– नगरप्रमुख, गा. वि. स. प्रमुख, सांसद, नगर-पालिका, जिल्ला अथवा स्थानीय परिषदादिको सचिव।

कुम्भ– मोटो-सतो डोरी बनाउनेवाला, वस्त्र निर्माता।

मीन– एक्सरे, फोटाग्राफर, मोती प्रदर्शक।

जयदेव कविका अनुसार विभिन्न राशिमा स्थित र सूर्यको फल यसप्रकार छ—

मेषमा विख्यात, भ्रमणशील, चलाख, थोरै पैसावाला, अस्त्रधारी।

वृषमा सुगन्धित द्रव्य (पदार्थ) र कपडाहरूको व्यापार गरेर जीविका चलाउने, स्त्रीहरूसङ्ग झगडा गर्ने प्रवृत्ति, गाउनमा रुचि भएको हुनेछ।

मिथुनमा सुन्दर, विद्वान्, धनी, ज्योतिषशास्त्रको ज्ञाता।

कर्कमा उग्र स्वभाव, अर्काको काममा सहयोग गर्न तत्पर, समाज सेवक, रोगी र थोरै पढेलेखेको।

सिंहमा मूर्ख, प्राय: एक्लै बस्न मन पराउने, बलवान्, पहाडतिर घुमफिर गर्न र बस्न मन पराउने।

कन्यामा चित्रकार, पुस्तक लेखेर जीविका चलाउने, विद्यावान् र आइमाइको जस्तै शरीर भएको।

तुलामा मदिराविक्रेता, नीचकर्म गर्ने, सुनको काम-कारोबार गर्ने, सञ्चारशील।

वृश्चिकमा उच्चपदस्थ कर्मचारी, अस्त्रधारी, दुष्ट स्वभाव, विष र मादक पदार्थको किन-बेचबाट धन आर्जन गर्ने।

धनुमा धनी-सम्पन्नशाली, लेखनकलामा दक्ष, सज्जन तथा मान्य, दुष्ट स्वभाव, वैद्य।

मकरमा मूर्ख मध्यमवर्गी (थोरै धनी), व्यापार कुलपरम्परामा आघात आउने कु-कर्म गर्ने, लोभी, अर्काको सम्पत्तिमा भोग गर्ने आदि।

कुम्भमा पुत्रीपुत्रादि र सुखरहित, गरीब, राम्रो कुलमा जन्मिएको भए तापनि कुलमा कलङ्क लाग्ने कर्महरू गर्नमा मन जाने ।

मीनमा मूँगा आदि मणि-माणिक्यहरूको क्रय-विक्रयबाट फाइदा उठाउने, स्त्रीहरूको प्रिय ।

कल्याण वर्माका अनुसार विभिन्न राशिस्थित सूर्यको फल—

मेष– सूर्य मेष राशिमा छन् भने व्यक्ति शास्त्रार्थ गर्नमा कुशल र प्रख्यात विद्वान् हुनेछ, युद्धमा चासो र रुचि राख्ने, डरलाग्दा र भयंकर कामहरू गर्न खोज्ने, बढी भ्रमण गर्ने, दह्रो र बलियो हाड भएको । साहस र शौर्यले सम्पन्न हुन सक्ने काममा हात हाल्ने, पित्त र रगतसम्बन्धि रोगले युक्त भएको, कान्तिमान् र बलवान् हुन्छ । यदि मेषमा सूर्य आफ्नो उच्चांशमा छन् भने त्यो जातक राजा या राजासमानको हुनेछ ।

यहाँ 'राजा' शब्दलाई व्यापक अर्थमा लिनु पर्दछ । यसलाई कहीं उच्चाधिकार त कतै भूमिपति र कतै धनको बाहुल्यताको रूपमा बुझ्नुपर्दछ । यो अर्थ यहाँ मात्र नभएर अन्य प्रसङ्गमा पनि हो भन्ने कुरा बुझ्नु हुने नै छ ।

वृष– सूर्य वृष राशिमा छ भने व्यक्ति र आँखाको रोगबाट पीडित, सहनशील, व्यवहारमा सिपालु (चलाख), बुद्धिमान्, बाँझी स्त्रीहरूको रीस गर्ने, भोजन, माला, चन्दन र वस्त्रादिले पूर्ण, गीत-वाद्य-नृत्यादि कलामा कुशल र डर मान्ने हुन्छ ।

मिथुन– मिथुनमा सूर्य छन्भने व्यक्ति, बुद्धिमान्, मीठो बोली बोल्ने, मायालु, सदाचारी, विज्ञान र शास्त्रमा निपुण (सिपालु), धेरै सम्पत्तिवाला, उदार, निपुण, ज्योतिष शास्त्रको ज्ञाता, मझौला कदकाठी, दुई आमावाला (सौतेनी आमा भएको), सुन्दर र विनय तथा शीलवाला हुनेछ ।

कर्क– यदि कर्ममा सूर्य छन् भने व्यक्ति चञ्चल (काममा स्थिरता नभएको), राजायोग्य गुणहरूको धनी, प्रख्यात, आफ्नै पक्षकाहरूको रीस गर्ने, अभागी स्त्रीको पति, रूपवान्, कफ र पित्तबाट पीडित, भ्रम(झुक्किने)बाट दुःखी, मदिरा-सेवन मन पराउने, धर्मात्मा, अभिमानी (घमण्डी), मीठो बोली बोल्ने, देशको परिस्थिति(समय र अवस्था)को ज्ञाता, स्थिरचित्त, बुबा-आमाको रीस गर्ने र झगड़ा गर्ने, हुनेछ ।

सिंह– सिंह राशिमा सूर्य छ भने व्यक्ति शत्रुको नाश गर्ने, क्रोधी (रिसाहा), विशेष चेष्टा र ठूलो प्रयास गर्न सक्ने, वन-पर्वत र किल्ला-गढ़ आदिमा घुम्नेवाला, उत्साही, शूर, तेजस्वी, मांस भक्षण गर्ने, डरलाग्दो, गम्भीर, स्थिर, बलवान्, बढ़ी बोल्ने, जमिन्दार (जग्गा-भूमिको मालिक), धनी र प्रख्यात हुनेछ ।

कन्या– कन्या राशिमा सूर्य छ भने व्यक्ति, स्त्रैण शरीर र गुणवाला, लाजले युक्त, कमजोर, प्यारो बोली बोल्ने, लेखक, विद्वान, बुद्धिमान्, देवता, पिता माता आदि र गुरुजनहरूको सेवक, विशेषत: गोडा मल्ने (माड्ने-मालिस गर्ने) कार्यमा सिपालु, वेद-गान र वाद्य-वादनमा सिपालु, कोमल र दु:खले युक्त वचन (बोली) बोल्नेवाला हुन्छ ।

तुला– तुला राशिमा सूर्य भए व्यक्ति पराजय, हानि र खर्चले पीडित हुन्छ । विदेश र बाटा-बाटामा घुम्नेवाला, दुष्ट, नीच र माया-प्रेमले हीन हुन्छ । सुन या फलाम आदि बेचेर जीविका चलाउने हुन्छ । अर्काको सदैव रीस गर्ने, आफ्ना वा आफन्तको भन्दा परायाको काम गरिदिने, अर्काको स्त्रीको आसक्ति गर्ने र परस्त्रीमा शारीरिक सम्बन्ध कायम राख्ने, मलिन (सरसफाइ तिर त्यति ध्यान नदिने) र राजाबाट (सरकारपक्षबाट) बढ़ी पीड़ित हुने हुन्छ ।

वृश्चिक– सूर्य वृश्चिकमा छ भने व्यक्ति लडाइँ-झगडा गर्नबाट जति रोक्ने प्रयास गरेपनि नरोकिने, वैदिकमार्गबाट विचलित, झूठो बोल्ने, मूर्ख, स्त्रीहीन वा दुष्टा श्रीमतीको पति, दुष्ट, दुष्टा स्वभावकी स्त्रीको वश(अधिन)मा पर्ने, रिसाहा, आफ्नो स्तरको भन्दा नीच वृत्तिले जीविका चलाउने, लोभी, झगडा गर्न र झगडा भएको ठाउँमा हेर्न-जान मन पराउने, शस्त्र (खड्ग-खुँडा, तरवार), अग्नि वा विषबाट काटिने, ठोक्किने, डढिने वा आक्रान्त हुने, मातापिता र गुरु आदि मान्यजनले भनेको नमान्ने (नटेर्ने) र कुरूप हुनेछ ।

धनु– धनु राशिमा सूर्य छ भने व्यक्ति धनी, राजप्रिय, बुद्धिमान्, देव-ब्राह्मण-पितृभक्त, अस्त्र-शस्त्र र हस्तकलामा सिपालु, व्यवहारिक कलामा सिपालु, सज्जन-हरूद्वारा सम्मानित, शान्त, विशाल (ठूलो), मोटो र सुन्दर शरीरवाला, बन्धु-बान्धवहरूको हित चाहने सहयोगी स्वभावको र बलवान् हुनेछ ।

मकर– मकर राशिमा सूर्य भए व्यक्ति लोभी, चरित्रहीन स्त्रीमा आसक्ति राख्ने, नीचकर्म गर्ने, केवल सोचविचारमा मात्र डुब्ने, धेरै कामहरूमा हात हाल्नाले अशान्त चित्त, डरछेरुवा, आफन्तको अभाव भएको, चञ्चल स्वभाव (मन स्थिर नभएको), बढी भ्रमण गने, निर्बल, आत्मीयजन(इष्टमित्र)हरूसङ्ग झगडा हुनाले सर्वनाश गर्ने (आफन्त हरूसङ्ग झगडा गर्नाले आफ्नो भन्ने कोही नराखेको), जेसुकै भए पनि खाना (भोजन) प्राप्त गरेरै छाड्ने (भोजनभक्त) हुनेछ ।

कुम्भ– यदि कुम्भ राशिमा सूर्य छन् भने व्यक्ति हृदयरोगी, शारीरिक शक्तियुक्त, सज्जनको निन्दा गर्ने, अति रिसाहा, अर्काकी स्त्रीसङ्ग लाग्ने, व्यावहारिक काममा सिपालु, प्राय: दु:खी भइरहने, सामान्य धनवाला, कपटी, मित्र र सङ्गी-साथीमा कम विश्वास राख्ने, मलिन, अरूसङ्ग फाटो पार्ने र कुरा लगाउन सिपालु, व्यर्थको

चिन्तामा डुबिरहने हुनेछ ।

मीन– यदि मीन राशिमा सूर्य छन्, भने व्यक्तिको धेरै आत्मीय साथीहरू हुनेछन्, आपनी स्त्रीसङ्गको प्रेमबाट सन्तुष्ट र सुखी हुनेछ, शत्रुहरूमाथि विजय प्राप्त गर्ने र धनी, कीर्तिमान र विजयी हुनेछ । आज्ञाकारी छोराछोहरीहरूबाट सुखी, जागिरबाट पनि सुखी जलको व्यापारबाट धनी, मीठो र झुठो बोल्नमा सिपालु, तर केही कारणहरूबाट पीडित, गुप्त रोगी र धेरै भाईहरूले युक्त भएको हुनेछ ।

सूर्यमा ग्रहहरूको दृष्टिको फल

मेष वा वृश्चिकमा सूर्य छ र त्यसमा **चन्द्रमा**को दृष्टि छ भने व्यक्ति दानी, धेरै नोकरहरू राख्ने राम्रो-सुन्दर, स्त्रीको प्यारो र कोमल शरीरवाला हुनेछ ।

भौमको दृष्टि छ भने युद्धमा अतिबलवान् रिसाहा, आँखा, हात र गोडाहरू राता वर्ण भएका हुनेछन् ।

बुधको दृष्टि छ भने नोकरको काम गर्ने वा अर्काको काम गर्नेवाला हुनेछ, अल्प धनवाला, निर्बल (कमजोर), दुःखी र मलिन (सफा सुग्घरी त्यति नभएको) शरीरको हुनेछ ।

गुरुको दृष्टि छ भने धनीलाई दुःख पर्दा धनले पनि सहयोग गर्न इच्छुक, दाता, राज्यमन्त्री, न्यायाधीश र उच्च प्रतिष्ठा प्राप्त गर्नेवाला हुनेछ ।

शुक्रको दृष्टि छ भने चरित्रहीन स्त्रीका पति, धेरै शत्रुहरूले युक्त, दाजुभाइ इष्ट-मित्रहरू थोरै भएको, गरिब, दुःखी र कुष्ठरोग भएको हुनेछ ।

शनिको दृष्टि छ भने कष्टयुक्त शरीरवाला (रोग-व्याधि), कामले मत्त, बुद्धिहीन र मूर्ख हुनेछ ।

वृष या तुलामा सूर्य छन् र त्यसमा **चन्द्रमा**को दृष्टि छ भने व्यक्ति वेश्यागामी, मीठो बोल्ने, धेरै स्त्रीहरूसङ्ग सम्पर्क गर्ने र पानीको कारोबार (व्यापार) गरेर जीविका चलाउने हुनेछ ।

मङ्गलको दृष्टि छ भने व्यक्ति शूरो, लँडाइ-झगडामा रुचि राख्ने, तेजस्वी, साहसिक कार्य गरेर नाम र धन प्राप्त गर्ने, अङ्ग-भङ्ग भएको; एवं काम, व्यवहार अथवा विविध कारणहरूबाट आर्जित भएको हुनेछ ।

बुधको दृष्टि छ भने चित्र, लेख, काव्य, गायन आदिमा सिपालु र सुन्दर हुनेछ ।

गुरुको दृष्टि छ भने व्यक्ति राज्यमन्त्री, सुन्दर आँखावाला, सुन्दर शरीरवाला, धेरै मित्र तथा धेरै शत्रुहरूसमेत भएको, राजा वा उच्चाधिकारी वर्गलाई खुशी पार्न

सक्नेखालको हुनेछ ।

शुक्रको दृष्टि छ भने राजा वा राज्यन्त्री, स्त्री-धन र भोगले युक्त भएको, बुद्धिमान् र डरछेरुवा हुनेछ ।

शनिको दृष्टि छ भने व्यक्ति, नीच, अल्छी, दरिद्र, बूढी आइमाईलाई मन पराउने र त्यसैसङ्ग बस-उठ गर्ने, निष्ठुर र क्रूर (दुष्ट) स्वभावको र केही रोगहरूबाट पीडित हुनेछ ।

मिथुन र कन्यामा रहेका सूर्यमा यदि **चन्द्रमा**को दृष्टि छ भने व्यक्ति शत्रु र आफ्नै बन्धुबान्धवहरूबाट दुःख पाउने, विदेश यात्राबाट पनि दुःख पाउने र धेरै समय शोक-विलापमै बित्ने हुन्छ ।

भौमको दृष्टि छ भने शत्रुबाट डर रहने, झैझगडा मन पर्ने, लडाइँ-युद्धबाट र अपजस आदि बाट दुःखी, गरीब र लाजले युक्त हुनेछ ।

बुधकोदृष्टि छ भने राजाको समान आचरण भएको, प्रख्यात, धेरै इष्टमित्रादिले युक्त शत्रुहीन र आँखाको रोगी हुनेछ ।

गुरुको दृष्टि छ भने धेरै शास्त्रहरूको ज्ञाता, राजदूत, विदेशको यात्रा र बसाइ, डरलाग्दो र घमण्डी हुनेछ ।

शुक्रको दृष्टि छ भने धन, स्त्री र छोराछोरीले युक्त, मानिसलाई सीमित माया गर्ने (थोरै मात्र सहयोग गर्ने), निरोगी, सुखी र चञ्चल स्वभावको हुनेछ ।

शनिको दृष्टि छ भने बन्धुबान्धवहरूको रक्षक तथा पालक र धेरै नोकर-चाकरहरूको मालिक, मनमा अशान्त र बेचैन साथै धूर्त स्वभावको हुनेछ ।

कर्कमा रहेका सूर्यमा **चन्द्रमा**को दृष्टि भए व्यक्ति राजाको समतुल्य, जलसम्बन्धी व्यापारबाट धनी, र निष्ठुर हुनेछ ।

भौमकोदृष्टि भए सदैव शोकयुक्त, बन्धुबान्धवहरूबाट वैरागिएको, भगन्दर रोगबाट पीडित र चुक्ली गर्ने स्वभावको हुनेछ ।

बुधकोदृष्टि भए विद्वान्, यशस्वी, राजप्रिय, कार्यकुशल (कुनै पनि काम राम्रोसङ्ग सम्पन्न गरिछाड्ने) र शत्रुहीन हुन्छ अर्थात् उसका धेरै र ठूला शत्रु हुनेछैनन् ।

बृहस्पति (गुरु)को दृष्टि भए राजमन्त्री वा सेनापति र प्रसिद्ध कलाविशेषज्ञ हुनेछ ।

शुक्रको दृष्टि भए स्त्रीको भक्त, स्त्रीबाट (स्त्रीका कारण) धनी, परोपकारी, शूरवीर र मीठो बोली बोल्नेवाल हुन्छ ।

शनिको दृष्टि छ भन्ने कफ-वातद्वारा पीडित अर्काको धनहरण गर्ने, उल्टो

(विपरीत) बुद्धि, उल्टो र दुराशयका कुरा सोचिराख्ने र फट्याइँ गर्ने(फाटो पार्ने) बानीवाला हुनेछ।

सिंह राशिमा रहेका सूर्यमा **चन्द्रमा**को दृष्टि भए व्यक्ति व्यक्ति बुद्धिमान्, सुशीला स्त्रीको पति, कफरोगले पीडित र राजाको प्रिय हुनेछ।

भौमको दृष्टि भए व्यक्ति अर्काको श्रीमतीसङ्ग पल्कने, बहादुर (शूर), साहसी, परिश्रमी (मेहनती, उद्योगी), डरलाग्दो र गाउँ वा शहरको मुख्य व्यक्ति (भद्र-भलादमी) बन्ने छ।

बुधको दृष्टि भए व्यक्ति विद्वान्, लेखक, धूर्तहरूको सङ्गत गर्ने, बढी घुमफिर गर्ने, आफन्त(इष्टमित्र)हरू नभएको र दुर्बल हुनेछ।

गुरुको दृष्टि भए मानिस मन्दिर, बगैंचा, कुवा-पोखरी, ताल, इनार आदि बनाउनेवाला, एकान्तमा बस्न चाहने र बडो बुद्धिमान् हुनेछ।

शुक्रको दृष्टि छ भने कुष्ठादि रोगहरूबाट पीडित निर्दयी र नकचरो (लाज नभएको) हुनेछ।

शनिको दृष्टि भए आफ्नो काम आफैंले बिगार्ने, नपुंसक, अरूलाई दुःख दिनेवाला हुनेछ।

धनु वा मीनमा सूर्य भए (र) त्यसमा **चन्द्रमा**को दृष्टि छ भने व्यक्ति बोली, बुद्धि र वैभवले युक्त, छोरा-छोरीले युक्त, राजाको समान, पीर चिन्ता(शोकसुर्ता)रहित र सुन्दर शरीरवाला हुनेछ।

भौमको दृष्टि भए लडाइँमा विजय प्राप्त गर्ने, स्पष्ट र यथार्थ बोल्ने, धन र सुखले युक्त र उग्र हुनेछ।

बुधको दृष्टि छ भने मीठो बोली बोल्ने, लेखक, कवि, सांसद (सभासद), धातुको ज्ञाता र सबैको प्यारो हुनेछ।

गुरुको दृष्टि छ भने राजा समानको अथवा राजा नै, हात्ती-घोडादि र प्रशस्त धनवाला तथा विद्वान् हुनेछ।

शुक्रको दृष्टि भए राम्री स्त्री र सुगन्धित पदार्थहरूको भोग (प्रयोग) गर्ने एवं शान्त स्वभावको हुनेछ।

शनिको दृष्टि भए अपवित्र, अर्काको अन्न खाने, नीच व्यक्तिहरूको सङ्गत गर्ने, चौपाया-पशुहरू पाल्नेवाला हुनेछ।

मकर र कुम्भमा रहेका सूर्यमा **चन्द्रमा**को दृष्टि छ भने व्यक्ति छलकपटी, चञ्चल (मन स्थिर न रहने) स्वभाव, स्त्रीजाति प्रति बढी आसक्त, स्त्रीकै कारण धनी र तिनैका कारणले दुःखी हुनेछ।

भौमको दृष्टि छ भने व्यक्ति रोगी र शत्रुहरूद्वारा पीडित हुनु साथै कलहमा फस्ने,

झगडा गर्ने र शत्रुहरूकै द्वारा शरीरमा चोटपटक-घाउ लाएको वा अङ्गभङ्ग पारिएको र व्याकुल हुनेछ ।

बुधको दृष्टि भए व्यक्ति नपुंसक स्वभाव, अर्काको धन हरण गर्ने र कमजोर शरीरवाला हुनेछ ।

गुरुको दृष्टि भए व्यक्ति पुण्य कर्म गर्ने, बुद्धिमान्, अरूलाई आश्रय (शरण) दिने, नाम कहलिएको एवं विशाल हृदय (उदार स्वभाव) र ठूलो उद्देश्य लिनेवाला हुनेछ ।

शुक्रको दृष्टि छ भने शङ्ख, मुँगा-मणि-माणिक्यको व्यापारी, वैश्या (बानियाँ) तथा स्त्रीद्वारा धनी र सुखी हुनेछ ।

शनिको दृष्टि छ भने शत्रुमाथि विजय प्राप्त गर्ने र राजाबाट प्राप्त सम्मान र आश्वासनबाट हर्षित र आनन्दित बन्नेवाला हुनेछ ।

सूर्ययोग– सूर्यबाट १२ औं स्थानमा, चन्द्रलाई छोडेर (चन्द्रमा बाहेक) अरु कुनै ग्रह च भने त्यो वोशियोग हुन्छ । द्वितीय स्थानमा ग्रह छ भने वोशियोग हुन्छ । दोस्रो र बाह्रौंमा दुवै चन्द्रलाई छोडेर, अरु कुनै ग्रह छ भने उभयचरी नामक योग हुन्छ । इनको फल ?

सूर्यजनित रोग-व्याधि र दुःख– सूर्य अशुभ (ग्रहमा बसेको) छ भने व्यक्तिमा सधैं अग्निरोग (पाचनप्रणाली सम्बन्धि विविध रोग), ज्वरोसम्बनन्धि रोग, पेट र शरीरमा जलन, क्षय (टीबी. तथा शरीर दुब्लाउँदै-कमजोर हुँदै जानु), अतिसार आदि रोगहरू राजा, ग्रह, ब्राह्मण एवं नोकरहरूबाट या यिनीहरूका कारण चित्त अशान्ति, आपत्ति आइलाग्ने र शरीरमा अत्यधिक कष्ट वा धनको नाश समेत हुन सक्नेछ ।

सूर्यको दृष्टि– ३/१० एकपाद, ५/९ द्विपाद, ४/८ त्रिपाद, ७ सम्पूर्ण दृष्टि ।
सूर्यको मित्र–चन्द्र, मङ्गल, गुरु (बृहस्पति)
सूर्यको सम– बुध
सूर्यको शत्रु– शुक्र र शनि ।
तात्कालिक मित्र– बुध, गुरु, शुक्र, शनि ।
तात्कालिक शत्रु– चन्द्र, मङ्गल ।
सूर्यको नैसर्गिक बल– ६०

मूल त्रिकोण– ३°	**सम–** १/२°
उच्च बल– ४°	**शुत्रु–** १/४°
स्वगृहबल– २°	**अस्त–** ०°
मित्रबलः– १°	**नीच–** ०°

सूर्यफलम्

विभिन्न ज्योतिर्विद्हरूको मतानुसार

लग्नस्थ सूर्य भए

तनुस्थो रविः तुङ्गयष्टिं विधत्ते मनः सन्तपेत् दारादायादवर्गात् ।
वपु पीड्यते वातपित्तेन नित्यं च वै पर्यटन् ह्रासवृद्धिं प्रयाति ।।

—नारायणभट्ट

अर्थ– जुन मनुष्यको लग्नमा सूर्य छ त्यो मानिस अग्लो शरीरको हुन्छ । स्त्री-पुत्र-बन्धु-बान्धव आदिबाट मन दुःखी रहन्छ । सधैं उसको शरीर वातपित्त रोगबाट पीडित रहन्छ, परदेश घुम्ने गर्दछ, कहिले धनको सुख-भोग गर्दछ त कहिंले धनाभावले कष्ट भोग्ने गर्दछ ।

यदा लग्नस्थानं गतवति रवौ यस्य जनने
तपेत कान्तावर्गात् निजसहजवर्गादपि मनः ।
वपुः कष्टं पित्तानिलरुधिररोगेण परमं
विदेशव्यापाराद् व्रजति धनमल्पत्वमभितः ।। —जीवनाथ

अर्थ– जुन मनुष्यको जन्म समयमा सूर्य तनुभाव अर्थात् लग्नमा रहन्छ त्यो मनुष्य पत्नी तथा भाईबन्धुबाट सन्तप्त हुन्छ पित्त, वायु, साथै रक्तविकारको रोगले शरीरमा कष्ट हुन्छ र विदेशमा व्यापार गर्दा धनको क्षति हुन्छ ।

मार्तण्डोयदि लग्नगोऽल्पतनयो जातः सुखी निर्घृणः
स्वल्पाशी विकलेक्षणो रणतलश्लाघी सुशीलो नटः ।
ज्ञानाचाररतः सुलोचनयशः स्वातन्त्र्यकस्तूच्चगे
मीने स्त्रीजनसेवितः हरिगते रात्र्यन्धको वीर्यवान् ।। —वैद्यनाथ

अर्थ– सूर्य लग्नमा हुनेहरूको सन्तान थोरै हुन्छन् । जन्म देखिनै सुखी, निर्दयी, थोरै खानेवाला, चक्षुरोगी, युद्धमा अगाडी बढेर लड्ने, सुशील, नटी, ज्ञानी, र सुआचरणमा रत रहने, सुन्दर आँखा भएको, सबै काममा यशस्वी, स्वतन्त्र रही उच्चपद हासेल गर्ने वाला हुनेछ र यहाँ यदि सूर्य मीन राशीमा भए अनेक स्त्रीहरूले सेवित वा धेरै स्त्रीहरूसाथ सम्बन्ध हुनेछ । यदि यहाँ सिंहमा नै सूर्य भए रतन्धो (रातीमा वा अँध्यारोमा हेर्न नसक्ने) रोगी हुन्छ,परन्तु लग्नमा सूर्य हुने यस्तो जातक बलवान-वीर्यवान हुन्छ ।

यहाँ 'अल्प (थोरै) सन्तान हुनु' यो फल लग्नमा सूर्य पुरुष राशीमा भएमा हुन्छ। तर लग्नमा सूर्य स्त्री राशीमा छ भने धेरै सन्तान हुन्छन् र साथै जातक सुखी हुन्छ। पुरुष राशीमा सूर्य भए सन्तान, व्यापार वा शारीरिक पक्षबाट दुःख परि राख्दछ। स्त्री राशीमा सूर्य भए जातक कम खानेवाला हुन्छ र निश्चय नै अल्पाहारी मनुष्य स्वस्थ र ऊर्जावान हुन जान्छ जसले गर्दा उसले विभिन्न कर्महरूको शुभफल भेट्दछ। मेष, सिंह, धनुमा सूर्य हुने जातक सूर्यको तीव्रताले गर्दा आखाँको रोगी हुन सक्छ तर पनी लड़ाईमा भने अग्रणी हुन्छ साथै सुशील पनी।

वृष, कन्या तथा मकरका सूर्यमा सामान्यतः शुभ फल हुँदैन। मेषमा भए सरलताले उच्चस्थान पाउँछ र यशस्वी हुन्छ, कर्कमा भए जातक अभिनयमा कुशल, ज्ञानी, सदाचारी, यशस्वी र उच्चपदस्थ हुन्छ, मिथुनमा भए अभिनय वा नटकलामा कुशल हुन्छ यस्तै मिथुन, कर्क, सिंह, तुला, धनु, मकर, कुम्भमा जातक नाट्यकुशल र मीनमा भए जातक नाट्य कुशलतायुक्त, स्वतन्त्र र उच्च पदस्थ हुन सक्छ। धनुमा भए ज्ञानी र सदाचारी पनी हुन्छ। लग्नमा वृश्चिकमा सूर्य भए पनि जातक ज्ञानी र सदाचारी र साथै यशस्वी हुन्छ, उ स्वतन्त्र स्वभावको र उच्चपदस्थ पनि हुनसक्छ। पुरुष राशीको सूर्य भएको जातक शुरू देखी नै स्वतन्त्र रहन्छ। जन्माङ्गमा मीनमा सूर्य एक्लै भए जातक ले धेरै स्त्रीहरूको उपभोग गर्दैन तर सूर्यको साथमा शुक्र भएमा धेरै स्त्रीहरूको भोग गर्दछ। मेष, सिंह र धनुमा सूर्य भए र शुक्रको साथ भए अथवा शुक्रको दृष्टि भए जातक लम्पट हुन्छ। मिथुन तुला र कुम्भमा सूर्यहुनेहरू साधारण कामेच्छा राख्ने हुन्छन्।

सवितरी तनुसंस्थे शैशवे व्याधियुक्तो
नयनगदसुदुःखी नीचसेवानुरक्तः।
न भवति गृहमेधी दैवयुक्तो मनुष्यो
भ्रमति विकलमूर्तिः पुत्रपौत्रैः विहीनः॥ —मानसागर

अर्थ– जसको जन्म समयमा (तनुभाव) लग्नमा सूर्य हुन्छ त्यो जातक बाल अवस्थामा नै रोगी हुन्छ। उसको आँखामा विकार हुन्छ। उसले नीच जातीको नोकरी गर्दछ। यो एकै स्थानमा घरबार गराएर बस्दैन। यो सदैव विकल भई घुम्ने-फिरने हुन्छ। दैववश यस्का छोरा-नाती हुँदैनन्।

मेष, सिंह, वा धनुमा रवि भए बच्चा छदै शीतला (माई) आदि, र सरुवा रोगहरूले पीडित हुन्छ। वृष, सिंह, कन्या र मकरमा सूर्य भए नेत्र रोगी हुन्छ। मिथुन तुला र कुम्भमा सूर्य भए ज्वर र अतिसार तथा भूत-प्रेतादिको बाधा हुने सम्भावना रहन्छ। कर्क, वृश्चिक र मीनमा सूर्य भए रक्तचाप, कफजन्य रोग र सङ्क्रमण आदि

रोग हुन्छ । वृष, कन्या, वा मकर र तुला राशिमा सूर्य भएका जातकले नीच जातीको नोकर हुन्छ, यस्तै चर राशि अर्थात् मेष, कर्क, तुला र मकरमा सूर्य भए जातक धेरै भौंतारिने हुन्छ, केही शुभ ग्रहहरूको दृष्टि भए जातक परिव्राजक वा संन्यासी हुन्छ । तुलामा सूर्य भए पुत्र-पौत्रादिको सुखले पनि हीन हुन सक्छ ।

लग्नेऽर्केल्पकचः क्रियालसतमः क्रोधी प्रचण्डोन्नतः
मानी लोचनरूक्षकः कृशतनुः सूरोऽक्षमो निर्घृणः ।
स्फोटाक्षः राशिभे क्रिये सतिमिरः सिंहे निशान्धः पुमान्
दारिद्र्योपहतः विनष्ट तनयः जातः तुलायां भवेत् ।। —मन्त्रेश्वर

अर्थ– लग्नमा सूर्य हुने जातक थौरै केश हुने, काम गर्नमा अल्छी, क्रोधी, उग्र, अग्लो, अभिमानी, शूर, क्रूर (निर्दयी), क्षमा नगर्नेवाला हुन्छ । यस्का आँखा सुक्खा हुन्छन् । जन्म लग्न कर्क र त्यहीं सूर्य भए स्फोटाक्ष-(कर्के) डेरो हुन्छ । मेषको सूर्य लग्नमा भए आँखाको रोगी हुन्छ । सिंह राशिको सूर्य लग्नमा भए रातमा आँखा नदेख्ने (रतौंधी) रोगी हुन्छ । तुला राशिको सूर्य लग्नमा भए नाना किसिमका रोगले सताउँछन् । जातक दरिद्र हुन्छ । यसका छोरा हरू बाँच्दैनन् ।

आरोग्यं भवति, पित्तप्रकृतिः, नेत्ररोगी, मेधावी, सदाचारी, उष्णोदरवान । मूर्खः, पुत्रहीनः, तीक्ष्णबुद्धिः, अल्पभाषी, प्रवासशीलः, सुखी, स्वोच्चे कीर्तिमान् बालिनिरीक्षितेविद्वान्, नीचे प्रतापवान्, ज्ञानद्वेषी, दरिद्रः, अन्धकः । शुभदृष्टे न दोषः । सिंहे स्वांशेनाथः, कुलीरे ज्ञानवान, रोगी, बुद्बुदाक्ष, मकरे हृदरोगी । मीने स्त्रीजनसेवी । कन्यायां रवौ कन्याप्रजः । दारहीनः कृतघ्नश्च, क्षेत्री, शुभयुक्तः, आरोग्यवान् । पापयुते, शत्रुनीचक्षेत्रे तृतीये वर्षे ज्वरपीडा, शुभदृष्टे न दोष । —भृगुसूत्र

अर्थ– जुन जातकको जन्मसमयमा सूर्य लग्नमा हुन्छ त्यो निरोगी हुन्छ । पित्तप्रकृतिको, नेत्ररोगी, मेधावि, सदाचारी हुन्छ । यसको उदरप्रदेश तातो रहन्छ । जातक मूर्ख, (माथि मेधावी र यहाँ मूर्ख भनिएको छ हेर्दा विपरीत फल हुन गयो, वास्तवमा बुद्धि नाना प्रकारको हुन्छ-जस्तै स्मृति, धृति, धारणा, मेधा, विवेक, पण्डा, प्रज्ञा र प्रतिभा आदि । तसर्थ कुनै एक प्रकारको बुद्धि प्रचुरतामा रहे पनि अरू आवश्यक अंगहरूको कमी रहे मानिस मूर्खै मानिन्छ) । पुत्रहीन, तीक्ष्णबुद्धि, अल्पभाषी, सुखी तथा परदेश जानेवाला हुन्छ । यदि लग्नस्थ सूर्य आफ्नै उच्च राशी(मेष)मा भए जातक यशस्वी हुन्छ । यसमा कुनै बलवान ग्रहको दृष्टी भए जातक

विद्वान हुन्छ। अनि यो सूर्य आफ्नो नीचराशी(तुला)मा गए जातक प्रतापी हुन्छ। तर जातक ज्ञानवानहरूमा द्वेष राख्ने दरिद्री तथा अन्धक हुन्छ। परन्तु शुभग्रहको दृष्टी भए यो खराब फल लाग्दैन। आफ्नो राशी सिंहमानै सूर्य भए जातक ले प्रभुत्व प्राप्त गर्दछ। लग्नस्थ सूर्य यदि कर्क-राशि मा भए जातक ज्ञानी त हुन्छ तर रोगी हुन्छ। यसका आँखामा फूलो पर्छ वा डेरो हुन्छ। सूर्य यदि मकर राशिमा भए जातकलाई हृदय रोग हुन्छ। सूर्य मीन राशिको भए जातक स्त्रीहरूमा आसक्त हुन्छ। सूर्यकन्याराशीको भए कन्या सन्तान धेरै हुन्छन्। जातक भूमिपति भए पनि स्त्रीहीन र कृतघ्न हुन्छ। सूर्यको अन्य पापग्रहको साथमा सम्बन्ध भए वा सूर्य शत्रु क्षेत्री भए अथवा नीच क्षेत्रमा भए जातक तेस्रो वर्षमा ज्वरादिवाट पीडित हुन्छ यदि यो सूर्यमा शुभग्रहको दृष्टि भए ज्वरादिपीडा हुन्न।

भृगुसूत्रले यो स्पष्ट गर्दछ कि राशिभेद स्वगृह, उच्च, नवांश आदि भेदबाट शुभग्रहको दृष्टि अशुभग्रहको दृष्टि, शत्रुक्षेत्र-मित्रक्षेत्र, नीचांश तथा अस्तगत दृष्टि आदिको भेद, शुभग्रह-अशुभग्रह का सम्बन्धबाट हुने भेदबाट भावफलको तालमेल हुन्छ र कहिलेकाहिं त्यही ग्रहको विपरीत वा उभयफल पनि प्राप्त हुन सक्छ। यस्तै यहाँ को बल प्रभावको तारतम्यबाट नै भावफलको यथार्थता जातकमा पर्न जान्छ।

लग्नमा सूर्य भए जातक आत्मविश्वासी, दृढनिश्चय उदार, अग्लोशरीरको, उच्च-विचार वाला, स्वाभिमानी सानो-तिनो कामलाई तिरस्कार गर्ने, कठोर, न्यायी र प्रामाणिक हुन्छ।

अग्नि तत्व प्रधान राशिमा सूर्य भए, प्रचण्डता र तीव्रता बढी हुन्छ।

पृथ्वीराशिमा जातक घमण्डी, दुराग्रही र सन्की हुन्छ।

वायु राशिमा जातक सन्तुलित, कलापरायण र शास्त्रज्ञ हुन्छ।

जलराशिमा जातक स्त्रीहरूमा अत्यधिक आसक्ति राख्ने हुन्छ।

कर्क राशिमा सूर्य भएका आफ्नो घर-गृहस्थीमा मग्न रहन्छ।

साथै स्त्री राशिको सूर्य लग्नमा भए संसारमा सुखदायी हुन्छ। पुरुष राशिको सूर्य भए केही दु:खदायक हुन्छ।

कर्क देखि धनु सम्मका राशि(दक्षिणायन)मा सूर्यले मनुष्यलाई भाग्यवान बनाउँछ। उत्तरायणको सूर्यले-लडाई-झगड़ा, आफ्नो स्वत्वकायम गर्ने प्रवृत्ति आदि स्वार्थलाई बढाउँछ। दक्षिणायन सूर्यमा दैवी प्रवृत्तिलाई बढाउँछ। साधारणत: लग्नको सूर्य राम्रै हो, मनुष्यको उन्नति गराउँछ।

– ० –

दोस्रो भावमा सूर्यफल

धनेयस्य भानुः स भाग्याधिकः स्यात्
चतुष्पात् सुखं सद्व्यये स्वं च याति।
कुटुम्बे कलिः जायया जायतेऽपि
क्रिया निष्फला याति लाभस्य हेतोः।। —नारायणभट्ट

अर्थ– जुन मनुष्यको जन्म लग्नको दोस्रो स्थानमा सूर्य रहन्छ त्यो जातक भाग्यमानी हुन्छ। यसलाई चौपाया(कृषक घरमा भए गाई-भैंसी, बाखा आदि र क्षत्रियादिको घरमा हात्ति-घोडा आदि तथा धनी शहरीको घरमा मोटर गाड़ी आदि)को सुख प्राप्त हुन्छ। यसको धन राम्रो काममा खर्च हुन्छ। स्त्रीको तिरबाट भने कुटुम्बमा कलह-क्लेश हुन्छ। धन आर्जनको लागी गरिने कामहरू व्यर्थ हुन्छन्।

'चतुष्पात् सुखम्' एकै अर्थको पनि हुन सक्छ अनेकार्थक पनि हुन सक्छ। दैवज्ञले आफ्नो कुशलताले काम लिई फलादेश गर्नु पर्छ।

जनुः काले वित्तं गतवति यदा वासर मणौ।
तदा भाग्यं तस्य प्रसरति कुटुम्बै कलिरपि।।
शुभे वित्तापायो ह्यपि पथितुरङ्गध्वनिरलं।
गृहद्वारे दम्भात् व्रजति शुभकृत्यं न परमम्।।

अर्थ– जुन मनुष्यको जन्मसमयमा सूर्य धनस्थानमा हुन्छ त्यो भाग्यशाली मानिन्छ। तर बन्धु-बान्धवहरू सङ्ग झगड़ा हुन्छ। यसको धन शुभ कर्ममा खर्च हुन्छ परन्तु यस्ले स्थायीरूपमा राम्रो काम गर्दैन किनकी यो दम्भी र अहङ्कारी हुन्छ। यसको द्वारमा घोड़हरू रहन्छन् अर्थात् सवारी-साधन को कमी रहने छैन। द्वितीयस्थ सूर्य यदि पुरुष राशिमा छ भने अहंकारी भएर स्थायी शुभ कार्य हुँदैन तर स्त्री राशिस्थ सूर्यले तुलनात्मक कोमलता दिन्छ र जातकले वास्तविक शुभ कार्य गर्दछ।

धनगतदिननाथे पुत्रदारैः विहीनः।
कृशतनु रतिदीनोरक्तनेत्रः कुकेशः।।
भवति च धनयुक्तः लोह ताम्रेण सत्यं।
न भवति गृहमेधी मानवो दुःखभागी।। —मानसागर

अर्थ– जुन मनुष्यको जन्म समयमा धनभावमा सूर्य रहन्छ उस्लाई स्त्रीसुख र पुत्रसुख प्राप्त हुँदैन। यो दुब्लो-पातलो शरीरको हुन्छ। यसलाई रतिसुख प्राप्त हुँदैन। यसको आँखा राता-राता हुन्छन्। कपाल नराम्रा हुन्छन् तर धनवान हुन्छ। योसङ्ग

ताँमा-फलाम जस्ता धातु प्रशस्त हुन्छन्। यो गृहस्थी भएर पनि एक स्थानमा घर बनाएर बस्दैन त्यसैलो दु:खी हुन्छ।

यदि सूर्य मिथुन, धन र मीन राशिमा भए त्यस मनुष्यलाई स्त्री-पुत्र सुख प्राप्त हुन्न वृष, धन तथा मिथुनमा सूर्य भए पनि "रति सुख अभाव" भन्ने फल छ। मेष, सिंह, धनु आदि अग्नि तत्व प्रधान राशिमा द्वितीयस्थ सूर्य हुनेको आँखा राता हुन्छन्। पुरुष राशिको सूर्य भए मनुष्य सुन-चाँदिबाट सम्पन्न हुन्छ। यदि लग्न वृश्चिक धन, मकर वा कुम्भको भए घर-गृहस्थी हुँदैन।

द्विपद चतुष्पदभागी मुखरोगी नष्टविभव सौख्यश्च।
नृप चोर मुषिजसारः कुटुम्बगे स्याद् रवौ पुरुषः।। —कल्याणवर्मा

अर्थ– जसको जन्मसमयमा सूर्य कुटुम्बभाव(धनभाव)मा हुन्छ त्यसको घरमा नोकर-चाकर हुन्छन् र हात्ति, घोडा, गाई, भैंसी बाख्रा आदि चौपाया हुन्छन् तर यो मुखको रोगी हुन्छ र यसको सबै वैभव सुखहरू नष्ट हुन्छन्। यसको धन राजदण्ड र चोरहरूले गर्द नष्ट हुन्छ।

कल्याणवर्माको अनुसार धनस्थानको सूर्य शुभफलभन्दा अशुभ फल दिन्छ। यहाँ पनि पुरुष राशिमा सूर्य भए अशुभ फल झन धेरै र स्त्री राशिमा सूर्य भए अल्प अशुभत्व प्राप्त हुन्छ।

विगतविद्या विनय वित्तं स्खलित वाचं धनगः। —मन्त्रेश्वर

अर्थ– जस्को धनस्थानमा सूर्य हुन्छ त्यो विद्वान हुँदैन यसमा विनयभाव हुँदैन, यो उद्वत् र घमण्डी हुन्छ। यो निर्धन हुन्छ। यस्को बोली स्पष्ट हुँदैन भक-भकाएर बोल्ने गर्दछ र आफ्ना मनका कुरा अर्कोलाई अति कष्टले प्रकट गर्न सक्छ। (मन्त्रेश्वरको अनुसार यहाँको सूर्य सर्वथा अनिष्टकारक हुन्छ।

त्यागी धातु द्रव्यमान् इष्टशत्रुः वाग्मी वित्तस्थानगे चित्रभानौ। —वैद्यनाथ

अर्थ– जुन मनुष्यको जन्म समयमा धनस्थानमा सूर्य रहन्छ त्यो मनुष्य त्यागी (दानी), मूल्यवान धातुहरू सुन-चाँदी आदिको स्वामी र धनवान हुन्छ। उसले आफ्नो व्यवहार र वाक्-चातुर्यले आफ्ना शत्रुहरूलाई पनि वश पार्न सक्दछ।

अग्नितत्व प्रधान मेष, सिंह र धनु राशिको सूर्य धन स्थानमा भए त्यागी हुन्छ। द्वितीयस्थ पुरुष राशिमा सूर्य भए र लग्न मकर, कन्या, वृष र वृश्चिक छ भने ऊ मूल्यवान वस्तु र धनको मालिक हुन्छ। द्वितीयस्थ सूर्य स्त्री राशिमा भए उसमा वाक् चातुर्य हुन्छ र उसले सजिलै शत्रुलाई पनि इष्ट बनाउँदछ।

धन सुतोत्तमवाहन वर्जितो हतमतिः सुजनोज्झितसौहृदः ।
परगृहो पगतो हि नरो भवेत् दिनमणे द्रविणे यदि संस्थितिः ।। —ढुण्ढिराज

अर्थ– जसको धनस्थानका सूर्य हुन्छ उसलाई धन-पुत्र, उत्तम वाहन आदिको सुख मिल्दैन र ऊ बुद्धिहीन र मूर्ख हुन्छ । यसका इष्टमित्र र बन्धुहरूले यसलाई त्यागदिन्छन् तथा यो अर्काको घरमा बस्ने गर्दछ ।

भूरि द्रव्यः भूम्यधीक्षाहृतस्यः द्रव्यस्थाने वर्तमाने खगेशे । —जयदेव

अर्थ– जसको धनस्थानमा सूर्य छ त्यो धनाढ्य हुन्छ । तर कालान्तरमा यसको धन अपहृत भएर जान्छ हुन्छ ।

जनुः काले वित्तंगतवतियदावासरमणौं,
तदा सौभाग्यं प्रसरति कुटुम्वै कलिरपि ।
शुभे वित्तपापः ह्यपि पथि तुरङ्गध्वनिरलं,
गृहद्वारे दम्भात् व्रजति शुभकृत्यं न परमम् ।। —भावप्रकाश

अर्थ– यदि जन्मसमयमा मनुष्यको द्वितीयभावमा सूर्य भएमा त्यो भाग्यशाली हुन्छ । तर उस्का कुटुम्बहरू सङ्ग वैभनस्य र झगडा रहन्छ । उसले आफ्नो धन शुभकर्ममा खर्च गर्दछ । घरमा वाहनहरू हुन्छन् र तिनका शब्दले घर गुञ्जायमान हुन्छ । यसले दम्भपूर्वक काम गर्दछ त्यसैले ठूलो शुभकर्म हुन जान्न । यसले शुभकर्म गरेको भान पार्छ तर कुनै चिरस्थायी काम हुन सक्दैन । कीर्ति त अवश्य फैलाउँछ तर गरिएका साना-साना शुभ कर्महरू केही काल पछी नष्ट हुन्छन् ।

मुख रोगी । पञ्चविंशति वर्षे राजदण्डेन द्रव्यच्छेदः । उच्चे स्वक्षेत्रे-वानदोषः । पापयुते नेत्ररोगी । स्वल्पविद्वान् रोगी । शुभवीक्षिते धनवान् दोषादिन् व्यपहरति । नैत्र सोख्यम् । स्वोच्च स्वक्षेत्रे वा बहु धनवान, बुधयुते पवनवाक् । धनाधिपः । स्वोच्चे वाग्मी । शास्त्रज्ञः ज्ञानवान् । नेत्रसौख्यम् । राजयोगश्च । —भृगुसूत्र

अर्थ– यदि धनस्थानमा सूर्य भए मनुष्य मुखको रोगी हुन्छ । २५ वर्षको हुँदा राजदण्डले गर्दा धनहानी हुन्छ । यदि धनस्थानमा सूर्य आफ्नो उच्च राशि मेषमा, अथवा आफ्नो घर सिंह राशिमा भए धन हानि हुँदैन । यसको साथमा कुनै पापग्रह साथमा छ भने नेत्र रोगी हुन्छ, शिक्षा अधुरो रहन जान्छ । यदि सूर्यमा कुनै शुभग्रहको दृष्टि छ भन्ने मनुष्य धनी हुन्छ, पूर्वोक्त दोष दूर हुन्छन् र आँखा निरोगी पनी हुन्छ । सूर्य आफ्नो उच्च राशि र स्वगृही भए मनुष्य धनाढ्य हुन्छ । सूर्यको साथमा बुध नीच वा सामान्य राशिमा छ भने तदनुसार बोल्दा भक्-भकाएर सुस्तरी बोल्ने गर्दछ,

धनवान पनि हुन्छ। आफ्नो उच्चराशिमा सूर्य भए त्यो मानिस धेरै बोल्नसक्ने, शास्त्रज्ञाता, ज्ञानवान् र स्वच्छनेत्र वाला हुन्छ। धनस्थानको सूर्य राजयोगकारक मानिन्छ।

धनस्थानमा सूर्य भए मानिस पैसा तुरून्तै खर्च गर्ने, बेफिक्री र सम्पत्ति खतम पार्नेवाला हुन्छ साथै बुद्धिहीन, निर्धन, क्रूर र रोगी हुन जान्छ। जातकले स्वतन्त्र वृत्ति चाहन्छ। अर्काको अधीन(नोकरी)मा बस्न चाहन्न उसको यो इच्छ धनेश पूर्ण बलवान भए तथा वक्री, अस्त, मन्दगामी वा अतिचारी नभएमात्र पुग्दछ। सम्मुख नै कुटुम्बहरूको मृत्यु यसले देख्न पर्ने हुन्छ। धनस्थानागत सूर्य भएको मनुष्यको पिताको त भाग्योदय हुन्छ। परन्तु उसको आफ्नो भाग्य उत्तम हुँदैन उसले पिता कै सहारा लिनु पर्छ। आफैले कुनै धन्धा वा नोकरी गर्न सक्दैन। बाबु र छोरामा राम्रो मिलती पनि रहन्न।

मिथुन तुला वा कुम्भको सूर्य हुने मनुष्यले खूब धन कमाउँछ परन्तु कृपणताले गर्दा निन्दित पनि रहन्छ। धनस्थानको रवि यदि कर्क, वृश्चिक, र मीन राशिको भए त्यो मानिस अधिकारी (ऑफिसर) हुन्छ वा कुनै ठूलो व्यवसायिक प्रतिष्ठानमा नोकरी गरे खुब पैसा कमाउँछ। मेष, सिंह धनु राशिमा रवि भए मनुष्य स्वार्थी र दम्भी हुन्छ। अतिमहत्वाकांक्षी तर परि आउँदा कामचोर हुन्छ।

धनस्थानको सूर्य हुँदा गर्मी बढ़ी लाग्दछ, नेत्रादि अंगहरू पोल्दछन्, आँखा कमजोर हुन सक्दछन्, जिभ्रो स्वादे र सफा-सुग्घर वस्त्रको सोख राख्ने हुन्छ।

यदि वृश्चिक, धनु, मकर वा कुम्भ लग्न छ र रवि दोस्रो स्थानमा छन् भने साथै दोस्रो अर्थात् धनस्थानको मालिक बृहस्पति वा शनी वक्री भएर २-४-६-८-१२ मध्ये कुनै भावमा छन् भने यो महान दरिद्रताको योग हो। यस्तो व्यक्तिले भोक्-भोकै पनि बस्नु पर्ने हुन्छ।

—०—

तृतीय भावफल

तृतीये यदाऽर्ह्यणिर्जन्मकाले प्रतापाधिकं विक्रयं चाऽऽतनोति।
सदा सोदरैस्तप्यते तीर्थचारी सदाऽरिक्षयः सङ्गरे शं नरेशात्॥ —नारायणभट्ट

अर्थ– जुन मनुष्यको जन्मलग्न देखि तृतीय स्थानमा सूर्य रहन्छ त्यो मनुष्य ठूलो प्रतापी र पराक्रमी हुन्छ! त्यस्ले आफ्ना साख्यै दाजु-भाईबाट भने दुःख पाउँछ। उसले परदेश भ्रमण गर्दै तीर्थयात्रा गर्दछ। युद्धमा सँधै उसका शत्रुहरूको नाश हुन्छ। सरकार वा राजाबाट सुख प्राप्त गर्छ।

तृतीये चण्डांशौ भवतिजनने विक्रमकलाऽ-
विस्तारो यस्यतुलबलमलं तीर्थगमनम् ।
विपक्षाणांक्षोभः सपदि समरे भूपकृपया,
प्रतापस्याधिक्यं सहजगणतो दुःखमनिशम् ।। —जीवनाथ

अर्थ– जुन मनुष्यको जन्म समयमा सूर्य तृतीयभावमा हुन्छ उसको पराक्रम खूब फैलिन्छ । त्यो व्यक्ति बलवान्, तीर्थयात्रा गर्ने लड़ाईमा शत्रुहरूलाई तुरुन्त जित्ने, राजा वा सरकारको कृपाले अधिक प्रतापी हुन्छ, तर आफ्नै दाजु-भाईबाट दुःखी हुन्छ ।

सहजभुवनसंस्थे भास्करे भ्रातृनाशः
प्रियजन हितकारी पुत्रदाराभियुक्तः ।
भवति च धनयुक्तो धैर्ययुक्तः सहिष्णुः
विपुल धनविहारी नागरीप्रीतिकारी ।। —मानसागर

अर्थ– जनु मनुष्यको जन्मसमयमा सूर्य तृतीयस्थानमा हुन्छ त्यसका भाईहरूको नाश हुन्छ । ऊ आफ्ना प्रिय-जनहरूको हित गर्ने हुन्छ । यसलाई स्त्री-पुत्रको सुख प्राप्त हुन्छ । यो धनवान, धैर्यवान तथा सहनशील हुन्छ र अर्काको उन्नति देखेर प्रसन्न हुने वाला हुन्छ । यो मानिस प्रशस्त पैसा खर्च गर्नेवाला हुन्छ । नगरका सुन्दर स्त्रीहरूको प्यारो हुन्छ, अवश्य पनि सुन्दर हुन्छ र स्त्रीहरूसाथ व्यवहारमा अत्यन्त कुशल हुन्छ । श्रृङ्गार आदिमा पनि सिपालु हुनु स्वाभाविकै छ ।

अग्रे जातं रविः हन्ति । —बृहद्पाराशर

अर्थ–तृतीय भावस्थ सूर्य दाजुको लागी मारक हुन्छ ।

सबल शौर्य श्रियं मुदारं स्वजनशत्रुं सहजगः । —मन्त्रेश्वर

अर्थ– यदि जन्मकुण्डलीमा तृतीयस्थानमा सूर्य भए त्यो मनुष्य बलवान, शूरो, र श्रीयुक्त हुन्छ । ऊ उदार तर आफ्नै पक्षका मानिसहरूको शत्रु हुन्छ अर्थात् आफ्ना भाई-बन्धुहरूसङ्ग शत्रुवत् व्यवहार हुन्छ ।

शूरः दुर्जन सेवितोऽतिधनवान् त्यागी तृतीये रवौ ।। —वैद्यनाथ

अर्थ– जसको जन्मलग्नदेखी तेस्रो स्थानमा सूर्य हुन्छ त्यो शूर, दुर्जनहरूको सेवा ग्रहण गर्ने, अति धनाढ्य तथा त्यागी हुन्छ ।

विक्रान्तो बलयुक्तो विनष्ट सहजः तृतीयगेसूर्ये ।
लोकेमतोऽभिरामः प्राज्ञोजित दुष्ट पक्षश्च ।।—कल्याणवर्मा

अर्थ– जसको जन्मलग्नदेखी तृतीयस्थानमा सूर्य हुन्छ त्यो पराक्रमी, बलवान,

भाईहीन, सबैको प्यारो, सुन्दर र प्रज्ञावान हुन्छ । त्यो आफ्ना पक्षका विरोधीहरूलाई जीत्ने वाला हुन्छ ।

प्रियंवदः स्याद् धनवाहनाढ्या सुकर्मचित्तेनुऽचरान्वितश्च ।
मितनुजः स्याद् मनुजो बलीयान् दिनाधिनाथे सहजेऽधिसंस्थे ।। —ढुण्डिराज

अर्थ– जको जन्मकालमा सूर्य तृतीयस्थानमा रहेको हुन्छ त्यो बुद्धि पुऱ्याएर मीठो बोल्ने हुन्छ । ऊ धनले सम्पन्न, वाहनादिले सुखी, शुभकर्म गर्ने (चित्त) विचारको हुन्छ । यसका घरमा नोकर-चाकर हुन्छन् । यसका भाईहरू कम हुन्छन् र शरीर शक्तिसम्पन्न हुन्छ ।

मति विक्रमवान् तृतीयगेऽर्के ।। —आचार्य वराहमिहिर

अर्थ– लग्न देखी तेस्रो स्थानमा सूर्य हुने व्यक्ति बुद्धिमान र पराक्रमी हुन्छ ।

भूरिप्राज्ञो भूरिसत्साहयुक्तो भ्राताऽसौख्यः भातृभावे दिनेशे । —जयदेव

अर्थ– जस्को तृतीय भावमा सूर्य हुन्छ त्यो विशेष बुद्धिमान् हुन्छ र काम गर्नमा उत्साही हुन्छ । यसलाई भाईको सुख प्राप्त हुँदैन ।

तृतीयस्थे दिवानाथे प्रसिद्धो रोग वर्जितः ।
भूपतिश्च सुशीलश्च दयालुश्च भवेन्नरः ।। —काशिनाथ

अर्थ– तृतीय भावमा सूर्य हुने व्यक्ति विख्यात, नीरोगी, सुशील, दयालु र भूपति हुन्छ ।

बुद्धिमान्, अनुजरहितः, ज्येष्ठनाशः । पञ्चमेवर्षे चतुरष्टद्वादशवर्षे वा किञ्चित् पीडा । पापयुते क्रूरकर्ता । द्विभातृमान् । पराक्रमी । युद्धे शूरश्च, कीर्तिमान् । निजधनभोगी । शुभयुते सोदवृद्धिः । भावाधिपे बलयुते भ्रातृ-दीर्घायुः । पापयुते पापेक्षणवशान् नाशः । शुभवीक्षणवशाद्, धनवान्, भोगी सुखी च । —भृगुसूत्र

अर्थ– सूर्य तृतीयस्थानमा हुने मनुष्य बुद्धिमान हुन्छ तर भाई हुन्नन् । जेठा दाजुहरूको मृत्यु हुन्छ । चौथो पाँचौं, आठौं र बाह्रौं वर्षमा केहीपीडा हुन्छ । तृतीय भावको सूर्यको साथमा कुनै पापग्रह भए मनुष्य क्रूर हुन्छ । यसका दुई भाई हुन्छन् । यो पराक्रमी, रणशूर, यशस्वी तथा आफ्नो धनको उपभोग गर्ने हुन्छ । यस ग्रहको साथमा यदि शुभग्रहको युति भए भाईहरूको वृद्धि हुन्छ । यदि तृतीयेश बलवान छ भने भाईहरू दीर्घायु हुन्छन् । यदि साथमा पापग्रह छ वा पापग्रहको दृष्टि छ भने भाईहरूको नाश हुन्छ । यस स्थानमा सूर्यमा शुभ-ग्रहको दृष्टि भए मनुष्य धनवान, भोगी र सुखी हुन्छ ।

सामान्यत: यो व्यक्ति पदवी पाउने, प्रख्यात, नीरोगी, मीठो बोल्ने, सुन्दरीहरूको भोग गर्ने, विलासी, गाडी, घोड़ाको सवारी गर्ने, दृढनिश्चयी, धनवान र शान्त हुन्छ। वृत्ति खुबै गम्भीर हुन्छ। भाईबन्धुको सुख यसलाई मिल्दैन। तर यसले सबैलाई सुख दिने प्रयत्न गर्दछ। विचार गर्दा धनवान र शान्तवृत्तिको हुनु स्त्रीराशिको फल हो। अन्य फल पुरुष राशिमा मिल्दछ। यो जातक कला र विज्ञान दुवैमा प्रेम राख्दछ, सन्तुलित बुद्धिको हुन्छ तर जल तत्वप्रधान वा चर राशिमा सूर्य भए निवास परिवर्तन गर्ने र अनेक स्थानमा प्रवास गर्ने हुन सक्छ।

मेष राशिबाहेक अन्य पुरुष राशिमा सूर्य भए शान्त, विचारशील, बुद्धिमान्, सामाजिक र शिक्षासम्बन्धी काममा भाग लिने, नेता, स्थानीय परिषदहरूकोअध्यक्ष वा उपाध्यक्ष पद, ठूला प्रतिष्ठानहरूको निदेशक र ठूलो व्यक्तिगत प्रभाव राख्ने वाला हुन्छ। आफ्ना मातहतहरूलाई खुशी राखि उनिहरूसित काम लिन सिपालु हुन्छ। मिथुन, तुला वा धनुको सूर्य भए मानिस लेखक, प्रकाशक, प्रोफेसर तथा वकील आदि व्यवसाय र पेशामा अग्रणी हुन्छ। मेषमा सूर्य भए र पापग्रहसाथ युति भए अथवा पापग्रहहरूको दृष्टि परे अल्छी, दुर्बल तर उपद्रवी हुने सम्भावना रहन्छ। पुरुष राशिको सूर्य ठूलो दाजुको मारक चाहिं हुन्छ।

जसको तृतीयस्थानमा पुरुषराशिको सूर्य हुन्छ त्यो आफ्नो पिताको एक्लो छोरा हुन्छ। यदि कुनै भाई हुन्छ भने उसलाई केही लाभ हुँदैन। सहोदरहरूको केही मद्दत मिल्दैन। स्त्री राशिको सूर्य भए भाई-बैनी हुन सक्छन्। स्त्रीराशिमा सूर्य भए सम्पत्तिको दृष्टिले राम्रो हुन्छ। मनुष्य धन-वाहन सम्पन्न हुन्छ यो सूर्य सम्पत्तिको लागी राम्रो हो। तृतीय स्थानमा सूर्य हुने व्यक्ति सामान्यत: दानवीर हुन्छ।

–०–

चतुर्थ भावफल

तुरीये दिनेशेऽतिशोभाधिकारी जनः संल्लमेत् विग्रहे बन्धुतोऽपि।
प्रवासी विपक्षाहवे मानभङ्गं कदाचिन्न शान्तं भवेत्तस्य चेतः।।

अर्थ– जुन मनुष्यको जन्म लग्नबाट चौथो स्थानमा सूर्य हुन्छ त्यसले अति शोभायुक्त अधिकार प्राप्त गर्छ वा अत्यन्त शोभावान (रूपवान, धनवान, शक्मिान आदि) हुन्छ। भाई-बन्धुसङ्ग उसको झगड़ा चल्छ। उसले परदेशमा निवास गर्दछ। युद्धमा शत्रुद्वारा वा विरोधीहरूद्वारा मानभङ्ग हुन्छ। कुनै बेला पनी यस्को चित्त शान्त रहन्न। यसको चित्त सधैं व्याकुल रहन्छ। सधैं चित्त अशान्त रहनु, चतुर्थ सूर्यको ठूलो अशुभ फल हो। दान-तप-यज्ञ आदि शुभकर्म चित्त शान्तिको लागी गरिन्छ।

परदेशको वास त्यो पनि यदि पाश्चात्य देशको वास छ भने अन्य भोग्य वस्तुहरू उपलब्ध रहे पनि मनको शान्ति रहन्न ।

तुरीय मार्तण्डे नरपतिकुलादर्थनिवहो ।
भवेत मानव्रातः कलिरुपिच वन्धोः प्रसरति ।।
विपक्षाणां युद्धे भवति विजयो जातु न भवेत् ।
तथा चित्तं पुंसां व्रजति नाहि शान्तिखलजनात् ।। —जीवनाथ

अर्थ– जसको जन्मसमयको सूर्य चतुर्थभावमा हुन्छ त्यसलाई राजकुलबाट धन र मान प्राप्त हुन्छ । तर भाई-भाईमा कलह हुन्छ, विरोधीहरूसाथ झै-झन्झट भै राख्छ र युद्धमा पराजय पनि हुन्छ । दुर्जनहरूबाट सधैं चित्त अशान्त र उद्विग्न रहन्छ ।

सुखार्थहीनः चलवासधीश्च, ह्युद्विग्नचित्तः सुखगे दिनेशे । —जयदेव

अर्थ– जसको सुखभाव अर्थात् चतुर्थस्थानमा सूर्य छ त्यस मानिसलाई धनको सुख हुँदैन । त्यसको बुद्धि स्थिर रहन्न सदैव चञ्चल रहन्छ । यसका वस्त्रहरू पनि धेरै दिन खप्दैनन् । यो एकै स्थान टिक्दैन, देश-परदेश भट्की रहन्छ । चित्त उद्विग्न रहन्छ र मानसिक शान्ति रहन्न ।

चतुर्थे सूर्ये दुर्बुद्धिः कृशाङ्गः सुखवर्जितः ।
अप्रभावो निष्ठुरश्च दुष्टसङ्गो भवेन्नरः ।। —काशीनाथ

अर्थ– जसको चतुर्थस्थानमा सूर्य हुन्छ त्यो मनुष्य दुर्बुद्धि, दुर्बल, सुखहीन हुन्छ । यसको व्यक्तित्व प्रभावशाली हुँदैन । यो जातक निष्ठुर र दुष्टहरूको सङ्गतमा रहनेवाला हुन्छ ।

जनयतीयं सुहृदि सूर्यो विसुख बन्ध क्षिति सुहृद् ।
भवन मुक्तं नृपति सेवा जनकसम्पद् व्ययकरम् ।। —मन्त्रेश्वर

अर्थ– यदि जन्मलग्नबाट चतुर्थभावमा सूर्य भएमा मनुष्य सुखहीन, बन्धुहीन, भूमिहीन, मित्ररहित तथा भवनहीन हुन्छ । यसले राजाको सेवा गर्दछ । यसले आफ्नो पैतृक सम्पत्ति नष्ट गर्दछ ।

हृद्रोगी धन-धान्य-बुद्धि रहितः क्रूरः सुखस्थे रवौ । —वैद्यनाथ

अर्थ– जसको जन्म लग्न देखि चतुर्थभावमा सूर्य छ त्यसलाई हृदयरोग हुन्छ । यो मनुष्य धन-धान्य र बुद्धिहीन तथा क्रूर हुन्छ ।

सौख्येन यानेन धनेन हीनं, तातस्य चित्तोपहतप्रवृतम् ।
चलन्निवासं कुरूते पुमांसं, पातालशाली नलिनी विलासी ।। —महेश

अर्थ– यदि जन्मलग्नबाट चतुर्थस्थानमा सूर्य भएमा मनुष्य सुखहिन, वाहन-रहित, धनहीन र पितासङ्ग विरोध गर्ने हुन्छ । यसले हिंड़दा-हिंड़दै निवास गर्ने हुन्छ, अर्थात् आफ्नो घरमा स्थायीरूपमा बस्न पाउन्न । देश-विदेश घुम्ने-भटक्ने हुन्छ त्यसैले गृहसुखहीन हुन जान्छ । उ केही आसुरी प्रवृत्तिको हुन्छ । (प्राचीन कालमा वेश्याहरू पनि श्रेष्ठ-कलाकार हुन्थे, चौसट्ठीकलाको जानकारी राख्थे खुब संयमशील हुन्थे । चौथोभावको सूर्यले मनुष्यलाई वेश्यागामी पनि गराउन सक्छ यो यसको अशुभफल हो ।)

विसुखः पीडितमानसः चतुर्थे । —आचार्य वराहमिहिर

अर्थ– चतुर्थभावस्थ सूर्य भएमा मनुष्य सुखहिन र अशान्त चित्तको हुन्छ ।

वाहनबन्धुविहीनः पीडितहृदयः चतुर्थके सूर्ये ।
पितृ-गृह-धन-नाशकरः भवति नरः कुनृपसेवी ।। —कल्याणवर्मा

अर्थ– जसको जन्मसमयमा सूर्य चतुर्थ भावमा हुन्छ त्यो बन्धु-बान्धवको सुखविहीन हुन्छ । त्यसलाई वाहन-सवारी सुख प्राप्त हुन्न । यसले हृदयमा दुःखको अनुभव गर्दछ । यो पिताको विरोधी, घर-गृहस्थी र धनको नाश गर्ने हुन्छ । यो दुष्चरित्र हुन्छ र राजाको आश्रयमा रहन्छ ।

विविधजनविहारी बन्धुसंस्थः दिनेशो
भवति च मृदुचेताः गीतवाद्यानुरक्तः ।
समर शिरसि युद्धे नास्ति भङ्गः कदाचित्
प्रचुरधनकलत्री पार्थिवानां प्रियश्च ।। —मानसागर

अर्थ– यदि सूर्य बन्धुभाव(चतुर्थ)मा हुन्छ भने त्यो मानिस लोकप्रिय तथा सर्वजनप्रिय हुन्छ । त्यो कमलो हृदयको हुन्छ । यसले गीत-वाद्यकलादिमा प्रेम राख्छ । यो युद्धमा अगाड़ी भएर लड्छ । कहिल्यै पछाड़ि हट्दैन । यसलाई स्त्रीसुख तथा विपुल धनसुख प्राप्त हुन्छ । यो राजाहरूको प्रिय हुन्छ ।

हीनाङ्गः, अहङ्कारी, जनविरोधी, उष्णदेही, मनःपीडावान्, द्वाविंशद्वर्ष सर्वकर्मानुकूलवान् । बहुप्रतिष्ठासिद्धिः । सत्ता-पदवी-ज्ञान शौर्यसम्पन्नः । धनधान्यहीनः । —भृगुसूत्र

अर्थ– जसको जन्मसमयमा चतुर्थभावमा सूर्य रहन्छ त्यो मनुष्य हीनाङ्ग हुन्छ । अर्थात् उसको शरीरको कुनै अङ्ग विकल वा कम हुन्छ । यो अहंकारी हुन्छ । यो प्रायः सबैसङ्ग लड़ाई-झगड़ा गरी रहन्छ । यसको शरीर गरम रहन्छ । यसको मन पीड़ित रहन्छ । बाइस वर्षको उमेरमा आएर यस्को कामहरू अनुकूल हुन आउछन् । यो

प्रतिष्ठित हुन पाउँछ । यसलाई राजसत्ताबाट कुनै पद वा बहादुरी मिल्न सक्छ । यो धन-धान्यहीन हुन्छ । यदि चतुर्थेश बलवान छ र आफ्नो राशिमा त्रिकोणमा वा केन्द्रमा छ भने यसलाई सवारी साधन मिल्न सक्छ । यदि चतुर्थेशको साथमा कुनै पापग्रह छ वा पापग्रहको दृष्टि छ भने अथवा चतुर्थेश कुनै दुष्ट स्थान मा स्थित छ भने यसलाई राम्रो सवारी मिल्दैन । योसित जमीन हुँदैन अर्काको घरमा निवास गर्नु पर्छ ।

मत मतान्तरहरूमा दृष्टिपात गर्दा यो बुझिन्छ कि यसले सुख दिंदैन । सूर्य बलवान र शुभग्रहादिसाथ वा तिनीबाट दृष्ट भए राम्रो स्थिति हुन आउँछ । आयुको अन्तिम भागमा यश प्राप्त हुन्छ, पितालाई पनी सुख दिन्छ । अन्यथा सामान्यतः अशुभ फल नै दिन्छ । मानसागर बाहेक अरूको दृष्टिमा यो कदापि पनि शुभ हुन्न । चर राशिमा सूर्य हुन गए मानिस अत्यधिक परदेश भ्रमण गर्दछ र नाना व्यसनहरू पनि अख्तयार गर्दछ । सामान्यतः अनुभव अनुसार जब सूर्य मिथुन, कन्या, तुला, धन, मकर र मीनमा हुन्छंन् तव मानसागरले बताएको अनुसार शुभफल हुन्छ ।

रवि जुन स्थानमा रहन्छन् उसको आफ्नो अत्यधिक तेज, उष्णता र उग्रताले गर्दा त्यस स्थानको फल नष्ट हुन जान्छ । चतुर्थ रविको सामान्य फल प्रथम अवस्थामा कष्टकर मध्यममा सुख र वृद्धावस्थामा पुनः दुःख हुन्छ ।

–०–

पञ्चमभाव

सुतस्थानगे पूर्वजापत्यतापी कुशाग्रामतिः भास्करे मन्त्रविद्या ।
रतिः वञ्चने सञ्चकोऽपि प्रमादी मृतिः क्रोडरोगादिजा भावनीयाः ।।—ना.भट्ट

अर्थ– जन्म लग्नदेखि पञ्चम स्थानमा सूर्य रहे जातकले प्रथम पुत्र(वा पुत्री)बाट कष्ट पाउँछ । (उसको मृत्यु पनि हुन सक्दछ । सामान्यतः जेठो छोरा पिताहरूलाई अतिप्रिय हुन्छ । उसको मरण त पिताको लागी आफ्नै मरणतुल्य हुन्छ । न भए पारिवारिक कलह बढ पनि अत्यन्त पीड़ा दिने गर्दछ) । यसको बुद्धि सूक्ष्मभन्दा सूक्ष्म वस्तुलाई पनि सम्झन-बुझ्न सक्ने हुन्छ । यो मानिस मन्त्र-शास्त्रको पण्डित र गोप्य विद्याहरूको जानकार हुन्छ । अर्कालाई ठग्न यस्लाई आनन्द लाग्छ । यो धनसङ्ग्रह गर्न सिपालु हुन्छ । यो प्रमादी, असावधान र बेफिक्री, कसैको परवाह नगर्ने र मस्त रहने हुन्छ । स्वास्थ प्रतिको प्रमाद र बढी खाने र पिउने बानीले यसको मृत्यु कलेजाको पीडा वा कलेजोको रोगले हुन्छ । क्रोडरोगादिजाको अनेक अर्थ हुन सक्छ यथा : कुक्षि वा वक्षस्थल रोग, जठररोग, फोक्सोको रोग हृदयरोग आदि ।

यदादित्येऽपत्येप्रथम तनयो याति विलयं ।
कुशाग्रा वैबुद्धिः कपटपटुताऽतीववितता ।।
प्रसक्तिः मन्त्राणा प्रववति रति वञ्चनपरा ।
तथा तस्य क्रोडाभय निवह भोगेन निधनम् ।। —जीवनाथ

अर्थ– *जुन मनुष्यको जन्म समयमा सूर्य पञ्चम स्थानमा हुन्छ उसको जेठो छोराले* मृत्यु प्राप्त गर्दछ । मनुष्य कुशाग्रबुद्धि, कपट गर्नमा चतुर, मन्त्र-विद्याको प्रेमी, अर्कालाई ठग्नमा माहिर हुनेछ। यस व्यक्तिले हृदय रोग भोगेर मृत्यु प्राप्त गर्ला ।

जीवनाथ र नारायणभट्टको फलादेशमा पर्याप्त साम्य देखिन्छ ।

विसत् क्रियापत्यधनोवनेगो दिनाधिनाते सुतभावयाते । —जयदेव

अर्थ– जन्म लग्नदेखि पञ्चम भावमा सूर्य हुनेले शुभ कर्म गर्दैन, उसलाई सुख, सन्तान र धन पनि प्राप्त हुँदैन । ऊ पहाड तथा जंगलादिमा घुमी हिंड्छ ।

तनयगतदिनेशे शैशवे दुःखभागी
न भवति धनभागी यौवने व्याधियुक्तः ।
जनयति सुतमेकं चान्यगेहश्च शूरः
चपलयतिर्विलासी क्रूरकर्मा कुचेता ।। —मानसागर

अर्थ– जसको पञ्चमभावमा सूर्य हुन्छ त्यो बाल्यकाल देखि नै दुःखी रहन्छ । यसलाई धन प्राप्त हुँदैन । यसलाई यौवनावस्थामा रोग लाग्छ । यसलाई एउटै पुत्र हुन्छ । यसलाई अर्काको घरमा बस्नु पर्दछ । यो शूरो, चञ्चलबुद्धि र विलासी हुन्छ । यसले स्वयं पनि खराब काम गर्दछ र अरूलाई कुसल्लाह दिन्छ । यहाँ 'कुचेता' शब्दको अर्थ कलुषित चित्त भएको पनि लगाउन सकिन्छ ।

सुख धनायुस्तनयहीनं सुमतिमात्यन्पट विगम् । —मन्त्रेश्वर

अर्थ– जसको जन्म कालको सूर्य पञ्चम स्थानमा हुन्छ त्यो सुखहीन, धनहीन, अल्पायु र पुत्रहीन हुन्छ । यसको बुद्धि राम्रो हुन्छ । यो वन-पहाडमा घुम्छ ।

राजप्रियः चञ्चलबुद्धियुक्तः प्रवासशीलः सुतगेदिनेशे । —वैद्यनाथ

अर्थ– पञ्चम सूर्य हुने राजाको प्यारो, चञ्चल बुद्धिको तथा परदेश जानेवाला हुन्छ ।

असुतः धनवर्जितः त्रिकोणे । —आचार्य वराहमिहिर

अर्थ– जसको पञ्चमस्थानमा सूर्य हुन्छ त्यो पुत्रहीन र धनहीन हुन्छ ।

स्वल्पापत्यं शैलदुर्गेशभक्तं सौख्यैः युक्तं सत्क्रियार्थैः विमुक्तम् ।
भ्रान्तं स्वान्तं मानवं हि प्रकुर्यात् सुनुस्थाने भानुमान् वर्तमानः ।।—ढुण्ढिराज

अर्थ– जुन मनुष्यको जन्म समयमा सूर्य पञ्चम भावमा हुन्छ त्यो मनुष्यको थोरै सन्तान हुन्छन् । यो पर्वत र किल्ला वरि-परी घुम्ने हुन्छ । यो शिवभक्त हुन्छ । यो सुखी हुन्छ । यो धनहीन र अशुभकर्म गर्ने हुन्छ । यस्को मति स्थिर र निर्णयात्मक हुँदैन ।

'सत् क्रियार्थै विमुक्तम्'मा 'सत'को अर्थ 'परब्रह्म' भन्नु उचित हुन्छ । किनकी परब्रह्म बाहेक अरू कुनै पदार्थ सत्य हुँदैन । जस्को पञ्चमभावमा सूर्य छ उसको कर्म परब्रह्मप्राप्ति तर्फ लैजाने शुभ कर्म हुँदैन । फलत: यसको कर्म संसार सागरमा डुबाउने खालको हुन्छ । यही नै यसको मर्म हो ।

निर्धनः । स्थूलदेही । सप्तमे वर्षे पितृ अरिष्टवान् । मेधावी, अल्पपुत्रः, बुद्धिमान् । भावाधिपे बलयुते पुत्रसिद्धिः । राहु-केतु युते सर्पशापात् सुत-क्षयः। कुजयुते शत्रुयुते मूलात् । शुभदृष्टयुते न दोषः। सूर्यशरभादिषु भक्तः। बलयुते पुत्र समृद्धिः । —भृगुसूत्र

अर्थ– जुन मनुष्यको जन्म समयमा सूर्य पञ्चम भावमा हुन्छ त्यो निर्धन हुन्छ । उसको शरीर ठूलो हुन्छ । सातौं वर्षमा यस्को पितालाई अरिष्ट हुन्छ । यो मेधा सम्पन्न र बुद्धिमान हुन्छ । यस्लाई पुत्र-सन्तान थोरै हुन्छन् । यदि पञ्चम भावेश बलवान भएमा पुत्र सन्तान हुन्छन् । यदि पञ्चमेशको साथमा राहू-केतुको सम्बन्ध भएमा सर्पशापबाट पुत्रको मृत्यु हुन्छ । यदि मङ्गल सँगै भए अथवा शत्रुग्रहसाथ सम्बन्ध भए मूलबाट पुत्र नष्ट हुन्छ । यदि शुभग्रहसाथ सम्बन्ध छ र शुभ ग्रहको दृष्टि छ भने पुत्रको मृत्यु हुँदैन । यो व्यक्ति सूर्य, शरभ आदिको भक्त हुन्छ । यदि पञ्चमेश बलवान च भने पुत्रादिले समृद्ध हुन्छ ।

सूर्य पुरुष राशि वा जलराशिमा भए सन्तान पक्ष कमजोर हुन्छ, सन्तान हुँदैनन, कम हुन्छन्, भएका बच्चाहरू कमजोर हुन्छन् र रोगी रहन्छन् । चन्द्र, गुरु, वा शुक्र बुध आदि शुभ ग्रहहरूको साथमा नभए वा तिनीहरूको दृष्टि नभएमा बच्चाहरू मर्न सक्छन् । स्वयं जातकको गल्तीले पनि वा उसको बेपरवाही र आफैं विलासमा मस्त रहने बानीले पनि सन्तानको नाश हुन सम्भव छ । मेष, सिंह, धनु राशि आदि अग्नितत्व प्रधान राशिहरूमा पञ्चम भावको सूर्य भए शिक्षा पूरा हुन्छ । मेषको सूर्यमा सन्तान हुँदैन । सिंहको सूर्यभए सन्तान हुन्छन् तर तुरुन्त मृत्युग्रस्त हुन्छन् । यदि बाँचेमा आमा बाबु लाई राम्रो हुँदैन । यस्ता सन्तानको भाग्योदय आमा बाबुको मृत्यु पछाड़ी हुन्छ । शिक्षा थोरै भए पनि व्यवहारकुशल हुन्छ । पञ्चम भावमा धनुको सूर्य शिक्षाको लागी राम्रो हो ।

पञ्चम सूर्य यदि स्त्री राशिमा छ भने त्यो मनुष्य स्वार्थी, कञ्जूस, अर्काको सुख-दु:खको पर्वाह नगर्ने हुन्छ; त्यसै कारण सम्भवत: व्यापार राम्रो हुन्छ र धन पनि रहन्छ, र सन्तान सुख पनि हुन्छ।

मिथुन, तुला र कुम्भमा सूर्य भए त्यो मानिस विद्यावारिधि, लेखक, प्रकाशक आदि व्यवसायी हुन्छ। यो सूर्य प्रसिद्धिदायक हुन्छन्। परन्तु सन्तान पक्ष कमजोर रहन्छ। पत्नी-सन्तति असाध्य रोगग्रस्त हुन्छन्। पूर्वजहरूको श्रापले या त सन्तान हुन्नन् वा भएर रहन्नन्। कठोर साधना उपासनाले मात्र यसको दोष टर्दछ। जे होस् पञ्चम भावमा सूर्य हुनेको सदैव पुत्रभन्दा पुत्रीहरू नै धेरै हुन्छन्।

–०–

षष्ठभाव

रिपुध्वंसकृद्भास्करो यस्य षष्ठे तनोति व्ययं राजतो मित्रतोऽपि।
कुले मातुरापद् चतुष्पादतोवा प्रयाणे निषादैः विषादं करोति।।—नारायणभट्ट

अर्थ– लग्नबाट छैठौं स्थानमा सूर्य भए त्यो मनुष्यले आफ्ना शत्रुहरूको नाश गर्दछ। त्यसले राजाबाट दण्ड पाएका अथवा विपत्तिमा परेका मित्र-बन्धुहरूको लागी आफ्नो धन खर्च गर्छ। (आफू मितव्ययी भए पनि आफ्ना मित्रहरूको सहायताको लागी पछि पर्दैन। फलस्वरूप निर्धनतामा प्राप्त हुन्छ।) यसको मावली कुलमा आपत्ति पर्दछ अर्थात् छैठौं सूर्यले मामा-माइजु लाई अनिष्ट गर्दछ। छैठौं सूर्य हुनेलाई गाई-भैंसी आदि चौपाया पशुबाट वा परदेश जाँदा बाटोमा चोर र ठगहरूको फेलापरी लुटीएर भारी कष्ट भोग्नु पर्दछ। यसरी छैठौं स्थानको सूर्यले अशुभफल दिन्छ।

दिवाभर्ता षष्ठे प्रबलरिपुहर्ता व्ययचयं
धराभर्तुः दण्डात् हितजन वशाच्चापि कुरुते।
जनन्या गोत्रार्तिः गजवृषतुरङ्गादिषु विपत्
प्रयाणे भिल्लाद्यैः बहुतर विवादो जनिमताम्।। —जीवनाथ

अर्थ– जुन मनुष्यको जन्मसमयमा सूर्य छठौं भावमा छन् भने त्यसले आफ्ना शत्रुको नाश गर्दछ शत्रु जति शक्तिशाली भएपनी उस्को सामुन्ने टिक्दैनन्। राजदण्ड पाएका आफ्ना मित्र जनहरूको बचाउको लागी आफ्नो धन खूब खर्च गर्न पनि पछी पर्दैन। यसको मातृ कुलमा कष्ट हुन्छ हात्ति-घोडा-गोरू आदि चौपायाहरू यसका गोठमा मर्छन् अथवा पशु-आघातबाट रोग लागी महाकष्ट हुन्छ। परदेशको यात्रामा भिल्ल आदि चोरहरू सङ्ग विवाद हुन्छ।

उपरोक्त दुवै जनाको मतमा छैठों भावमा स्थित सूर्यको फलमा पर्याप्त साम्य छ र शुभफलमा प्रबल शत्रु नाश र उसको आफ्ना सुहृद-मित्र प्रतिको दृढता मात्र छ।

सत्य-सौख्य-धनवान् रिपुहन्ता यान-मानसहितोऽरिगेऽर्के ।। —जयदेव

अर्थ– जसको शत्रुभाव(छैठौंस्थान)मा सूर्य छ त्यो व्यक्ति सत्यवान् अर्थात् बलवान हुन्छ । त्यो सुखी, धनवान् तथा शत्रुलाई नाश गर्ने हुन्छ । यसलाई सवारीको सुख मिल्दैन । जनसमुदायको मानसमा यो एक मान्य व्यक्ति हुन्छ ।

षष्ठे सूर्ये क्षतारिश्च ख्यातनामा सुखी शुचिः ।
शूरोऽनुरागी भूपाल सम्पतश्च भवेन्नरः ।। —काशिनाथ

अर्थ– जसको जन्मकालको सूर्य छैठौं स्थानमा हुन्छ त्यो शत्रुहरूको नाश गर्नेवाला हुन्छ । त्यो विख्यात्, सुखी तथा पवित्रात्मा हुन्छ । साथै बहादुर र प्रेममय स्वभावको राजमान्य हुन्छ ।

शश्वत् सौख्येनान्वितः शत्रुहन्ता सत्योपेतः चारूयानः महौजाः ।
पृथ्वीभर्तुः स्यादमात्योहिमर्त्यः शत्रुक्षेत्रे मित्रसंस्थ्यः यदि स्यात् ।।—ढुण्ढिराज

अर्थ– जसको जन्मकालको सूर्य छैठौं भावमा हुन्छ त्यो व्यक्ति बलियो, सुखी, शत्रु विजेता, उत्तम वाहनले युक्त, तेजस्वी र राजाको मन्त्री हुन्छ ।

प्रबलमदनोदराग्निः बलवान् षष्ठं समाश्रिते भानौ ।
श्रीमान विख्यातगुणः नृपतिर्वा दण्डनेता वा ।। —कल्याणवर्मा

अर्थ– जसको सूर्य छैठौं स्थानमा हुन्छ उसको जठराग्नि र कामाग्नि तीव्र हुन्छ । यो बलवान्, श्री(लक्ष्मी)वान र आफ्नो गुणले प्रसिद्ध हुन्छ । यो ता त राजा हुन्छ वा सेनापती वा न्यायाधीश हुन्छ ।

बलवान् शत्रुजितश्च शत्रु जाते ।। —आचार्य वराहमिहिर

अर्थ– जस्को छैं स्थानमा सूर्य छ त्यो बलवान तथा शत्रुविजयी हुन्छ ।

वराहजी र कल्याणवर्मा को अनुसार छैठौ सूर्य शुभफलदाता हो ।

प्रथित मुर्वोपतिमरिस्थः सुगुणसम्पद् विजयगम् ।। —मन्त्रेश्वर

अर्थ– यदि छैठौं भावको सूर्य भए मनुष्य विख्यात तथा यशस्वी राजा हुन्छ । त्यो गुणसम्पन्न, सम्पत्तिवान् तथा विजयी हुन्छ ।

अरिगृहगतभानौ योगशिलोमतिस्थो
निजजनहितकारी जातिवर्ग प्रमोदी ।
कृशतनुः गृहमेदी चारूमूर्तिः विलासी
भवति च रिपुजेता कर्मपूज्यो दृढाङ्गः ।। —मानसागर

अर्थ– जुन मनुष्यको जन्मसमयमा सूर्य छैठौं स्थानमा हुन्छ त्यो योगी, मतिमान, आफ्नो पक्षका जनहरूको हित चाहने, आफ्ना भाई-बन्धुहरूको खुशी चाहने, दुब्लो-पातलो शरीरको, घर बनाएर गृहस्थी चलाउने, सुन्दर र विलासी हुन्छ।

षष्ठाश्रितोऽर्के विष-शास्त्र-दाहक्षुद्रोगशत्रुव्यसनोपतप्तान्
काष्ठाश्मपाताच्च विशीर्णदिता-न्यूनेऽदवीदंघ्रिनखिक्षतांश्च।
कुजोगतस्तत्र परिक्षताङ्गं दृग् व्याधितं धिक् कृति कर्शितं च
सौरः शिरोऽश्मनिपातवात द्विमुष्टिधातोपहतं च कुर्यात्।।—स्फुजिध्वजः

अर्थ– जसको जन्म समयको सूर्य छैठौं स्थानमा छ त्यसलाई, विषबाट, शस्त्रबाट, अग्निदाहबाट, क्षुतरोगबाट शत्रुहरूबाट तथा व्यसनबाट उपताप हुन्छ। यस्का दाँत काठ वा पत्थरमा लागेर भाँचिन्छन्। यो जङ्गलमा यत्र-तत्र घुम्छ। यसका जंघा अथवा पाउ नङ्ले गर्दा विदीर्ण हुन्छ। यो छैठौं भावको सूर्यले शिरमा वा ढुङ्गामा लोटेर चोट, वायुरोग अथवा मुक्काबाजी आदि द्वन्द्वबाट दुःखित गराउछ।

शश्वत् सौख्येनान्वितः शत्रुहन्ता सत्वोपेतश्चारूयानी महौजा।
पृथ्वीभर्तुः स्यादमात्यो हि मर्त्यः शत्रुक्षेत्रे मित्रसंस्थो यदि स्यात्।। —महेश

अर्थ– यदि छैठौं स्थानमा सूर्य छ भन्ने त्यो मनुष्य निरन्तर सुखी रहन्छ। यसलाई शत्रु बाधा हुँदैन। यसले शत्रुहरूलाई विजित गर्दछ। यो पराक्रमी पुरुष हुन्छ। यस्का उत्तम सवारी साधन हुन्छन्। यो महान तेजस्वी हुन्छ। यो मन्त्री हुन्छ।

अल्पज्ञातिः, शत्रुवृद्धिः, धनधान्यसमृद्धिः, विंशतिवर्षे नेत्र वैपरीत्यम्। शुभदृष्ट युते न दोषः। अहिकानन पारकृत् मन्त्रसेवी, कीर्तिमान, शोकरोगी, महोष्णदेही। शुभयुते भावाधिपे देहारोग्यम। ज्ञातिशत्रु वाहुल्याम्। भावाधिपे दुर्बले शत्रुनाशः, पितृदुर्बलः। —भृगुसूत्र

अर्थ– जुन मनुष्यको जन्मकालको सूर्य छैठौं भावमा हुन्छ त्यसका भाई-बन्धु सङ्ख्यामा थोरै हुन्छन्। यस्का शत्रुहरू धेरै हुन्छन्। यसलाई धन-धान्यको सुख मिल्छ। बीसौं वर्षमा आँखाको ज्योतिमा परिवर्तन (अन्धोसम्म पनि) हुन्छ। यदि यस भावमा स्थित सूर्यको साथमा शुभ ग्रह भए अथवा शुभग्रहको दृष्टि भएमा आँखा ठीक-ठाकै रहन्छन्। सर्पदेखी तथा वन-जङ्गल देखी केही कष्ट हुन्न। यो मन्त्र-शास्त्रको साधक र ज्ञाता हुन्छ। यो कीर्तिमान हुन्छ। यसलाई आफन्तको मृत्यु शोक पर्दछ र रोग लाग्दछ। यसको शरीर खुबै गरम रहन्छ। यदि कुनै शुभग्रहले षष्ठेशको साथमा सम्बन्ध राख्दछ भने शरीर निरोगी रहन्छ। भाई बन्धु र शत्रुहरू पनी प्रशस्त हुन्छन्। यदि षष्ठेश दुर्बल भए शत्रु नष्ट हुन्छन् तर पितालाई कष्ट हुन्छ।

सूर्य दूषित भएमा अर्थात् पापग्रहसाथ युति वा तिनको दृष्टिभएमा जातक लामा बिरामी रहन्छ । स्थिर राशिमा रवि भए घाँटीको रोग र दमको रोग हुनसक्छ । साथै हृदयको रोग, पीठ्यूँ वा कोखा दुख्ने, मूत्ररोग हुनसक्छ । साधारण राशिमा खास गरेर कन्या र मीनमा भए क्षयरोगको डर हुन्छ । फोक्सोमा बाधा पुग्छ । चर राशिमा सूर्य हुँदा रोग लाग्ने, मन निरुत्साहित रहने, छाती दुख्ने, पेटको रोग, सन्निपात, कुनै ठूलो चोटको सम्भावना रहन्छ ।

ग्रन्थकारहरूले छैठौं सूर्यको फल 'रिपुहन्ता', 'शत्रुहन्ता'दि वर्णन गरेका छन् । अशुभ स्थान स्थित सूर्य शत्रुविजयरूपी शुभफलको दाता हुन्छ । रिपु स्थानको फल रिपु वृद्धि हुन्छ । यसको नाश शत्रुनाश नै हुन सक्छ ।

यवन मतानुसार छैठौं सूर्यले विष वा शस्त्र, अग्नि-दाह-भोक-शत्रु आदिबाट मनुष्यलाई दु:खी गराउँछ । स्फुजिध्वजको अनुसार षष्ठस्थ सूर्यको प्रभावमा आएका मनुष्यहरूको दाँत जमीनमा पछारिएर वा लट्ठीप्रहारले गर्दा भाचिन्छ । यो परदेश घुम्ने, यात्रामा जङ्गलमा हिंस्रक जन्तु वा चोर डाँकू हरूले आघात गर्दछन् । यदि शनि साथमा भए मानिस ढुङ्गामा पछारिन्छ र चट्याङबाट प्राणको भय हुन्छ ।

सामान्यत: षष्ठम सूर्यले मान्छे सुखी हुन्छ, प्रेमी र पवित्र हुन्छ । तर यो मातृपक्षलाई शुभ हुन्न । स्त्री राशिमा सूर्य हुँदा मानिस सुखी, प्रेमी र पवित्र हुन्छ । सरकारबाट बहादुरीको पदवी पाउनु साथै अन्य विशेष उपाधि पाउनु, ऑफिसर-योगाभ्यासी हुनु पुरुष राशिका फल हुन् । यसरी हेर्नें हो भने छैठौं स्थानको सूर्यले मिश्रित फल प्रदान गर्दछ ।

–०–

सप्तमभाव

द्युनाथो यदा द्यूनजातो नरस्य प्रियातापनं पिण्डपीडा च चिन्ता ।
भवेत् तुच्छलब्धि: क्रये विक्रयेऽपि प्रतिस्पर्धया नैति निद्रां कदाचित् ।।

—नारायणभट्ट

अर्थ– जसको जन्म लग्न देखी सप्तमस्थानमा सूर्य छ उसलाई स्त्रीद्वारा क्लेश, शरीरमा पीडा, मानसिक चिन्ता रहन्छ । व्यापारमा कम लाभ हुन्छ र मनमा अरूको र अरूसाथ प्रतिस्पर्धाको डरले घेरी रहन्छ तसर्थ सुक्खसङ्ग सुत्न सक्दैन ।

प्रचण्डांशु: कामे जननसमये यस्य भवति
प्रियाया: सन्तापं सपदि कुरुते तस्य सततम् ।

तथा कष्टं देहे हृदि परमचिन्तामपिखलाद्
अनल्प व्यापारादपि च परमायाति न धनम् ।। —जीवनाथ

अर्थ– जुन मनुष्यको जन्म समयको सूर्य सप्तम स्थानमा हुन्छ उसकी श्रीमतीलाई कष्ट हुन्छ, उसको आफ्नो शरीरमा कष्ट हुन्छ, दुष्टहरूको कारणले यसको मनमा चिन्ता भैराख्छ । जति सुकै खरीद-बिक्रिद्वारा लाभ कमाउने प्रयत्न गरोस् तर चाहे अनुसार नाफा हुँदैन ।

स्त्रीद्वेषी सप्तमे स्थिते दिनकरेऽतीव प्रकोपी खलः ।। —वैद्यनाथ

अर्थ– जुन मनुष्यको जन्म लग्नदेखी सातौं स्थानमा सूर्य रहन्छ त्यस मनुष्यको स्त्रीहरूसङ्ग वैमनस्य हुन्छ । यो अत्यन्त क्रोधी-खल अथवा दुर्जन हुन्छ । सप्तम स्थानको सूर्यले पति-पत्नीमा झै-झगडा गराउँछ । यसले गर्दा दाम्पत्य सुखमा बाधा रहन्छ ।

स्त्रिभिः गतः परिभवं मदगे पतङ्गे ।। —आचार्य वराहमिहिर

अर्थ– जसको जन्म समयमा सूर्य सप्तम स्थानमा छ उसलाई स्त्रीहरूबाट तिरस्कार वा अनादर मात्र प्राप्त हुन्छ । अर्थात् स्त्रीहरू यस तर्फ आँखा कर्काएर पनी हेर्दैनन् । अथवा स्त्रीहरूको घृणाको पात्र हुन्छ ।

नृप विरुद्धं कुतनु यस्तेऽध्वगमदारं ह्यवमतम् ।। —मन्त्रेश्वर

अर्थ– जसको जन्म लग्न देखी सातौं स्थानमा सूर्य रहन्छ त्यो राजा-विरोधी हुन्छ । यसका आचरण राजा वा सराकर विरुद्ध हुनाले यसलाई राजदण्डको भय सधैं रहन्छ र त्यसैकारणले यो सुख-सुविधादिबाट वञ्चित रहन्छ । विद्रोही स्वभावको यो जातक अप्रतिष्ठित र अपमानित पनि हुन्छ । शारीरिक सौन्दर्यको पनि अल्पता रहन्छ । यो स्त्रीहीन हुन्छ । तसर्थ सप्तम रवि फलदायक हुँदैन ।

सप्तमेऽर्के कुदारश्च दुष्टप्रीतोऽल्पपुत्रकः ।
गुह्यरोगी सपापश्च जातको हि प्रजायते ।। —काशिनाथ

अर्थ– जस्को जन्मकालको सूर्य सप्तम स्थानमा रहन्छ उसकी स्त्री दुष्ट चरित्रकी हुन्छे । यस मनुष्यका प्रेमपात्र दुष्टहरू मात्र हुन्छन् । यसलाई पुत्रसुख थोरै मिल्छ र यो गुप्तरोगबाट पीडित हुन्छ । यसलाई उपदंशादि रोग हुन्छन् । यो पाप कर्म गर्ने हुन्छ ।

युवतिभवन संस्थे भास्करे स्त्रीविलासी
न भवति सुखभागी चञ्चल पापशीलः ।
उदरसमशरीरो नातिदीर्घो न ह्रस्वः
कपिलनयनरूपः पिङ्गकेश कुमूर्तिः ।। —मानसागर

अर्थ– यदि मनुष्यको जन्मसमयमा जन्मलग्नबाट सूर्य सप्तम भावमा स्थित छ भने उसलाई स्त्रीको भोग-उपभोग मिल्दछ । यो अस्थिर स्वभाव र पाप गर्ने हुन्छ, यो सुखी पनि हुँदैन । उसको उदर र देह बराबर भएको हुन्छ अर्थात् ठूलो भुँडी भएको हुन्छ । यो न त धेरै अग्लो न त धेरै होचो हुन्छ । यसको रूपरङ्ग कैला तथा आँखा र केश पहेंलिएका रङ्गका हुन्छन् । यो कुरूप देखिन्छ । सप्तम भावको सूर्य पतिपत्नीमा सौमनस्य कायम राख्दछ । अन्यथा मानिसलाई स्त्री उपभोग कसरी हुन सक्छ र ?

निःश्रीकः परिभूतः कुशरीरो व्याधितः पुमान् द्यूने ।
नृपबन्धनसन्तप्तोऽमार्गरतो युवति विद्वेषी ।।—कल्याणवर्मा

अर्थ– यदि सप्तम भावमा सूर्य छ भने त्यो मनुष्य श्रीहीन हुन्छ, अर्थात् निर्धन हुन्छ । समाजले यसलाई प्रतिष्ठित् मान्दैनन् । रोगले गर्दा यसको शरीर ठीक रहन्न । राजाबाट तथा कारावासबाट सन्तप्त रहन्छ । यो कुमार्गगामी हुन्छ । यसले आफ्नी स्त्री अथवा अन्य स्त्रीहरूबाट प्रेम पाउन्न । यसले स्त्रीहरूसङ्ग द्वेष राख्दछ ।

श्रिया विमुक्तः हतकायकान्तिः भयामयाभ्यां सहितः कुशीलः ।
नृपप्रकोपाऽर्तिकृशो मनुष्यः सीमन्तिनसद्मनि पद्मनीशे ।।—ढुण्ढिराज

अर्थ– जुन मनुष्यको सप्तम भावमा सूर्य हुन्छ त्यो निर्धन हुन्छ । यसको शरीर र मुख कान्तिमान् हुँदैन । यसलाई सधैं डर लागी रहन्छ । यसलाई रोग लाग्छ । यो शुद्ध आचरणको मानिस हुँदैन । यसको शरीर राजाको डर र अरू दुःखहरूको कारणले सुकेको हुन्छ ।

विवाह विलम्बनम् । स्त्री द्वेषी, परदाररतः, दारद्वयवान् । पञ्चविंशतिवर्षे देशान्तरप्रवेशः । अभक्ष्यभक्षणः । विनोदशीलः । दारद्वेषी । नाशान्तबुद्धिः । स्वर्क्षे बलवति एकदारवान् । शत्रुनीचविक्षिते पापयुते वीक्षणैः बहुदारवान् । —भृगुसूत्र

अर्थ– सप्तम भावमा सूर्य भएमा विवाह ढीलो हुन्छ । मनुष्य स्त्री द्वेषी रहन्छ । पति पत्नीमा सौमनस्य हुँदैन । यो दुईटी स्त्रीको पति हुन्छ (अर्थात् प्रथमा पत्नीको मृत्यु हुनाले अर्कीलाई घरमा ल्याउँछ । अथवा पूर्व पत्नी हुँदा-हुँदै पनि अर्की विवाह गरी ल्याउँछ) । (आफ्नी स्त्रीसङ्ग वैमनस्य हुनाले) अर्काकी स्त्रीमा आसक्त हुन्छ । पच्चीस वर्षमा परदेशगमन गर्दछ । अभक्ष वस्तुहरू भक्षण गर्दछ । यो मनुष्य हाँसो-ठट्टा गर्ने स्वभावको हुन्छ । स्त्रीहरूसङ्ग विरोध भाव राख्दछ । विपरीत मतिले गर्दा नाशोन्मुख हुन्छ । यदि सप्तम सूर्य स्वगृही भए वा बलवान भए त्यस मनुष्यको एउटी स्त्री हुन्छे यदि यो सूर्य शत्रुग्रह वा नीचराशिगत ग्रहबाट दृष्ट भएमा अथवा कुनै पापग्रहबाट दृष्ट भएमा त्यो मनुष्यका धेरै स्त्री हुन्छन् ।

विलम्ब विवाहको निर्णय देश-काल-परिस्थिति विचार गरी गर्न सकिन्छ। जहाँ-सम्म दाम्पत्यको कुरो आउँछ 'एकपत्नी' 'दुई पत्नी' एवं 'बहू पत्नी' सम्बन्धमा सूर्य स्वक्षेत्री र बलवान भएमा पुरुषको एउटै विवाह हुन्छ। मेष-सिंह र धनु राशिको सूर्य भएमा दुई विवाह हुन्छ। यदि यस भावको सूर्यमा शत्रुग्रहको नीच राशिस्थित ग्रहको दृष्टि भएमा अथवा यस भावको सूर्यको सम्बन्ध कुनै पापीग्रहको साथमा भए त्यो पुरुष धेरै स्त्रीहरूको पति हुन्छ।

प्राच्य मतानुसार सप्तम स्थानको सूर्यले अशुभ फल दिन्छ। तर पाश्चात्य मतानुसार सूर्यले शुभफल नै दिन्छ। हेर्ने हो भने धेरैजसो अशुभ फल मेष, सिंह, मकर राशिंमा आउँछ। सप्तम भावको सूर्य यदि मिथुन, तुला र कुम्भमा भए मनुष्य शिक्षाक्षेत्रमा प्रगति गर्दछ। सङ्गीत, नाट्य, रेडियो आदिमा, आमोद-प्रमोदको साधनमा राम्रो काम गर्दछ।

मेष, सिंह, धनुमा यो सूर्य भए दुई विवाह हुन्छ। एउटै विवाह त धेरै विलम्ब साथ अधिक आयुमा हुन्छ। यो पुरुष स्वतन्त्रता प्रिय हुन्छ। नोकरी गर्न चाहन्न। स्वावलम्बी वृत्ति र पेशा नै मन पराउँछ।

स्त्री राशिमा विशेषत: वृष, कन्या, मकरमा सूर्य भए व्यापारमा लाभ हुन्छ। त्यो मानिस राजनैतिक चुनाव आदिमा सफल हुन्छ। संप्तम सूर्य, कर्क, वृश्चिक वा मीनमा भए त्यो मनुष्य डॉक्टर हुन्छ। अथवा विज्ञान विषयक पद प्राप्त गर्दछ। नगरको अधिकारी हुन्छ।

वृष, कन्या, मकर, कर्क र वृश्चिकको सूर्य भएमा आयुको पचासौं वर्षसम्म काम धन्धा वा नोकरी राम्रो हुन्छ। धेरै प्रकारका कठिनाई आई पर्छन् तर जहाँसम्म विवाहको प्रश्न हो अर्को विवाह हुँदैन। पुरुष राशिको सूर्यमा सन्तान थोरै हुन्छन् तर स्त्री राशिको सूर्य भएमा सन्तान अधिक हुन्छन्।

–०–

अष्टमभाव

क्रिया लम्पटं त्वष्टमे कष्टभाजं विदेशीयदारान् भजेद् वाप्यवस्तु।
वसुक्षीणता दस्यु तो वा विलम्वाद् विपद् गुह्यतां भानुरूग्रां विधत्ते ।।८।।

—नारायणभट्ट

अर्थ– जुन मनुष्यको जन्म लग्न देखि अष्टम स्थानमा सूर्य स्थित हुन्छ त्यसको व्यवहार अति धूर्त र व्यवहार अति चलाखीपूर्ण हुन्छ। त्यस्ले सधैं कष्ट भोग गर्दछ।

उसले विदेशी स्त्रीहरूसङ्ग सम्बन्ध राख्दछ। यसले अभक्ष वस्तु सेवन गर्दछ। यसको धन तुरुन्तै चोरी हुन्छ। यस मार्थी कठिन र उग्र गुप्त विपत्ति पनि आई पर्दछ।

अष्टमभाव दुष्टस्थान मानिएको छ। यसलाई मृत्युस्थान भनिन्छ। यो मूलतः नाशस्थान हो। त्यसैले यस भावको फल खराबै हुन्छ। यो भावमा सूर्य हुने मनुष्य लम्पट, ठग र चलाख हुन्छ। यसलाई अरूलाई ठग्दा आनन्द आउँछ। यो मनुष्य अर्काको लागी अनर्थकारी र कष्टकारीमात्र हुन्छ। त्यसैले यसलाई स्वयं पनि कष्टभोग गर्नु पर्दछ। अष्टम भावको सूर्यले सधैं परदेश यात्रा गराउछ। मनुष्यमा यौवन-(जवानी)को भूत सवार हुन्छ। यसले अभक्ष र अग्राह्य वस्तु सेवन गर्दछ।

मृतावर्के कर्केश्वरतनुसमा कान्तिविरतिः
क्रियाबुद्धिः मन्दः प्रभवति वसुक्षैण्यमभितः।
गुदे रोगाधिक्यं खलु पुरवधूभिश्च रमणं
विदेशे संवासः कलिरपि जनैः यस्य जनने।। —जीवनाथ

अर्थ– जुन मनुष्यको जन्म लग्नदेखि आठौं स्थानमा अर्थात् मृत्यु स्थानमा सूर्य छ त्यो मनुष्यको शरीर चन्द्रमाको बिम्ब सरी कान्तिवाला हुन्छ— अर्थात् मनुष्य सुन्दर शरीरको हुन्छ। यो काम गर्न तीक्ष्ण हुँदैन यसको बुद्धिले यसलाई अकर्मण्यता तर्फ लैजाने गर्छ। चारैतर्फबाट यस्को धन नाश हुन्छ। यसलाई बवासीर आदि गुदा रोग लाग्छ। यसले आफ्नो नगरमा रहने नगरवधू(वेश्या)-हरूसङ्ग सहवास गर्दछ। यो विदेशमा वास गर्दछ र अरूसाथ झै-झगड़ा गरी रहन्छ।

स्वल्पापत्यः हीनदृक् वित्तमांश्च द्वेषी रोगी कार्यवान् अष्टमस्थे। —जयदेव

अर्थ– लग्नदेखि आठौं स्थानमा सूर्य रहनेको सन्तान थोरै हुन्छन्। यसको दृष्टि कमजोर हुन्छ। यो धनवान हुन्छ, जन विरोधी हुन्छ, रोगी हुन्छ र कर्मठ हुन्छ।

स्वल्पात्मजो निधनगे विकलेक्षणश्च।। —आचार्य वराहमिहिर

अर्थ– जसको जन्म लग्न देखी आठौं स्थानमा सूर्य हुन्छ त्यसको धन थोरै, छोटो आयु र मित्र पनी थोरै हुन्छन्। यसका आँखा कमजोर हुन्छन्।

मनोभिरामः कलहप्रवीणः पराभवस्थे च रवौ न तृप्तः।। —वैद्यनाथ

अर्थ– जसको अष्टमस्थानमा सूर्य हुन्छ त्यो मनोहर हुन्छ। यो लड़ाई झगड़ामा विशेष चतुर हुन्छ। तर यो कहिल्यै सन्तुष्ट हुँदैन।

नेत्राल्पत्वं शत्रुवर्गाभिवृद्धिः बुद्धिभ्रांशः पूरषस्यातिरोषः।
अर्थाल्पत्वं कार्श्यमङ्गे विशेषादायुः स्थाने पद्मिनी प्राणनाथे।।—ढुण्ढिराज

अर्थ– जसको अष्टम स्थानमा सूर्य हुन्छ त्यसको दृष्टि कमजोर हुन्छ। यसका

शत्रु धेरै हुन्छन् । यो बुद्धिहीन र क्रोधी हुन्छ । यसलाई अल्प धन प्राप्त हुन्छ । यो दुब्लो-पातलो र कमजोर हुन्छ ।

विकलनयनोऽष्टमस्थे धन-सुख-हीनोऽपजीवितः पुरुषः ।
भवति सहस्रमयूखै स्वभिमतजनविरह सन्तप्तः ।।—कल्याणवर्मा

अर्थ– जसको अष्टमस्थानमा सूर्य हुन्छ त्यो नेत्र रोगी हुन्छ । यो धनी र सुखी हुँदैन, अल्पायु हुन्छ । आफ्ना प्रिय र स्वजनको वियोगले सन्तप्त हुन्छ ।

निधनगतदिनेशे चञ्चलः त्यागशीलः
किलबुधगणसेवी सर्वदारोगयुक्तः ।
वितथ बहुलभाषी भाग्यहीनो विशीलो
मतियुतचिरजीवी नीचसेवीप्रवासी ।। —मानसागर

अर्थ– जुन मनुष्यको मृत्यु स्थान वा अष्टम स्थानमा सूर्य हुन्छ त्यो चञ्चल स्वभावको, त्यागी, पण्डित र विद्वान्हरूको सेवा गर्ने, सधैं रोगी, धेरै झूटो बोल्ने, अभागी, शील र आचरणहीन, बुद्धि भएको र लामो उमेरको हुन्छ । यसलाई नीच कर्म गर्नेहरूको सेवा गर्नु पर्दछ । यो परदेशमा वास गर्दछ ।

अल्प पुत्रः । नेत्ररोगी, दशमे वर्षे शिरोव्रणी । शुभयुतेदृष्टे तत्परिहारः । अल्पधनवान् । गोमहिष्यादिनाशः । देहे रोगः । ख्यातिमान् । भावाधिपे-बलयुते इष्ट क्षेत्रवान् । स्वोच्चे स्वक्षेत्रे दीर्घायुः । —भृगुसूत्र

अर्थ– यदि अष्टमभावमा सूर्य छ भने त्यो मनुष्यलाई थोरै पुत्र हुन्छन् । यो नेत्ररोगी हुन्छ । दशौं वर्षमा यसको शिरमा घाउ लाग्छ, सूर्यको शुभ ग्रहसङ्ग युति भए शिरमा चोट लाग्दैन । यो अल्पधनी हुन्छ यसलाई, गाई-भैंसी चौपायाबाट हानी हुन्छ । शरीरमा रोग लाग्छ । यो प्रसिद्ध हुन्छ । यदि अष्टमेश बलवान भए राम्रो खेती-पातीको मालिक हुन्छ । यदि यो सूर्य उच्च र स्वक्षेत्री भएमा मनुष्य दीर्घायु हुन्छ ।

सामान्यत: हेर्ने हो भने पति व पत्नी दुवै धेरै खर्चिला हुन्छन् । मङ्गलको युती वा पूर्ण दृष्टि भए आकस्मिक मृत्युको पनि सम्भावना हुन्छ । यो व्यक्ति परदेशमा भोक-प्यासले आत्तिदै हिंड्छ । धेरै घुम्छ र साह्रै दु:खी हुन्छ ।

सामान्यत: अष्टमस्थानको सूर्यले अशुभफल दिन्छ किनकी मूलत: अष्टमस्थान नाशस्थान मानिएको छ । यस्ता खराब फल मेष, सिंह र धनुमा हुन्छ । मिथुन, तुला र कुम्भमा यस्तो फल कम हुने हुन्छ । स्त्री राशिमा सामान्यतया राम्रै फल हुन्छ ।

अष्टमभावको सूर्यको कारण स्त्रीको मृत्युभन्दा पहिल्यै पुरुषको मृत्यु हुन्छ । यदि धनस्थानमा सूर्य भएमा पुरुषको मृत्यु स्त्रीको भन्दा पछी हुन्छ । अष्टम भावको सूर्यले वृद्धावस्थामा दरिद्रता योग ल्याउँछ । अर्थात् जसै सूर्यको अस्त हुन्छ त्यस्तै पुरुषको भाग्य पनि अस्त हुन्छ । स्त्रीराशिका सूर्य भए सन्तान अधिक हुन्छन् र पुरुष राशिको सूर्य भए सन्तान थोरै हुन्छन् ।

–०–

नवमभाव

दिवानायके दुष्टता कोणयाते न चाप्नोति चिन्ता विरामोऽस्य चेतः ।
तपश्चर्ययाऽनिच्छयाऽपि प्रयाति क्रियातुङ्गतां तप्यते सोदरेण ।।—नारायणभट्ट

अर्थ– मनुष्यको जन्मसमयमा रहेको नवमस्थानको सूर्यले मानिस दुष्ट हुन्छ । कहिले अकस्मात् शुभ कर्म भैहाले पनि यसले पुण्य चिताएर गरेको हुन्न । देखाउन र जनमानसमा प्रभाव पार्न गरेको हुन्छ । परन्तु मानिसहरूले यसलाई धार्मिक र सुकर्मी ठानी मान प्रतिष्ठा र यश दिन्छन् । यसको चित्त अशान्त नै रहन्छ । यसको व्यवहार आफ्ना साख्खै दाजु भाईमा पनि दुष्टतापूर्ण र कपटपूर्ण हुन्छ । तसर्थ सन्ताप र चिन्ता बराबर बनी रहन्छ । यसरी नवौं स्थानको सूर्य अशुभ फलदाता हुन्छ ।

जनुकाले जन्तोः नवमभवने वासरमणौ ।
बहिर्योगेनालं सकल जनपूज्यत्वमभितः ।।
तथा चिन्ताधिक्यं भवति सहजैरन्य मनुजैः ।
प्रवासादुद्विग्नं हृदयमपितप्तं क्षितितले ।। —जीवनाथ

अर्थ– नवमस्थानमा सूर्य हुने व्यक्ति बहिर्योग(मान पाउनको लागि गरिएको देखावटी शुभकर्म र अनुशासन)द्वारा सबैमा पूज्य हुन्छ । परन्तु सहोदर भाईहरूबाट तथा अन्य जनहरूबाट बराबर चिन्ता भैराख्छ । परदेशमा रहना ले यसको मन उद्विग्न र सन्तप्त रहन्छ ।

नवमस्थे रवौ जातः कुकर्मो भाग्यवर्जितः ।
विद्याविवेकहीनश्च कुशीलश्च प्रजायते ।। —काशीनाथ

अर्थ– जसको नवम भावमा सूर्य हुन्छ त्यो खराब कर्म गर्ने, अभागी, विद्याहीन, विवेकहीन तथा शील र आचारहीन हुन्छ ।

धन-पुत्र-मित्र-भागी द्विजदैवतपूजनेऽतिरक्तश्च ।
पितृ-योषिद्विद्वेषी नवमे तपने सुतप्तः स्यात् ।।—कल्याणवर्मा

अर्थ– जसको नवमभावमा सूर्य हुन्छ त्यसलाई धन र पुत्रको सुख प्राप्त हुन्छ। यसले देवता र ब्राह्मणहरूको आदर गर्दछ। यसलाई पिता र पत्नीमा प्रेम हुँदैन, अर्थात् यिनीहरूसङ्ग विरोध राख्दछ। यो सधैं अशान्त रहन्छ (पिता र पत्नीसाथ द्वेष भए सुख कसरी हुन सक्छ र ?)।

विजनकोऽर्के ससुतबन्धुस्तपसि देवद्विजमनाः ।। — मन्त्रेश्वर

अर्थ– जसको नवम भावमा सूर्य हुन्छ त्यसको पिताको मृत्यु हुन्छ। यसलाई पुत्रसुख तथा बन्धु-बान्धवहरूको सुख मिल्दछ। यो देव-ब्राह्मणभक्त हुन्छ।

सापत्यार्थः सत्सुतः सौख्यधीमान् धर्मेभानौ मातृवर्गेऽरिवत्स्यात् ।। —जयदेव

अर्थ– मनुष्यको नवमभावमा सूर्य भए त्यसलाई सन्तान र धन दुवै प्राप्त हुन्छ। यसका पुत्रहरू योग्य हुन्छन्। यो सुखी र बुद्धिमान हुन्छ। परन्तु यसको सम्बन्ध मातृकुलमा राम्रो रहन्न। उनीहरूसाथ शत्रुको जस्तो व्यवहार हुन्छ।

धर्मे सुतार्थ सुखभाक् सुखशौर्यभाक् ।। —आचार्य वराहमिहिर

अर्थ– जस्को नवमभावमा सूर्य हुन्छ त्यसलाई पुत्रसुख, धनसुख, शौर्यसुख (शूरताको राम्रो प्रतिफल) प्राप्त हुन्छ। यो शूरो र सुखी हुन्छ।

आदित्ये नवमस्थिते पितृ-गुरु-द्वेषी विधर्माश्रितः ।। —वैद्यनाथ

अर्थ– जसको नवम भावमा सूर्य रहन्छ त्यो पितृ तथा गुरुविरोधी हुन्छ। अर्थात् गुरुजनहरूसङ्ग यसको वैमनस्यता रहन्छ। यो आफ्नो कुल परम्परागत धर्म छोडेर अर्को धर्म लिन्छ अर्थात् विधर्मी हुन्छ।

ग्रहगतदिननाथे सत्यवादी सुकेशी
कुलजनहितकारी देवविप्रानुरक्तः ।
प्रथम वयसि रोगी यौवनेस्थैर्ययुक्तो
बहुतर धनयुक्तो दीर्घजीवी सुमूर्तिः ।। —मानसागर

अर्थ– जसको नमवस्थानमा सूर्य हुन्छ त्यो मनुष्य सत्यवक्ता, सुन्दर केश भएको कुलका सबैको भलो चाहने तथा देवता र ब्राह्मणमा श्रद्धा राख्ने हुन्छ। बाल्यकालमा यसलाई रोग लाग्दछ र युवावस्थामा स्थिरता रहन्छ। यो धनाढ्य, दीर्घायु तथा रूपवान हुन्छ।

धर्मकर्मरतश्च सन्मतिः पुत्रमित्रजसुखान्वितः सदा ।
मातृवर्गविषमो भवेन्नरः त्रित्रिकोणभवने दिवामणौ ।। —ढुण्ढिराज

अर्थ– नवमभावमा रवि हुने मनुष्यले आफ्नो धर्म र कर्ममा श्रद्धा राख्दछ। यो

जातक श्रेष्ठ बुद्धि भएको हुन्छ । साथै यो पुत्रसुख तथा मित्रसुखयुक्त हुन्छ । यसले मातृकुल(मामा आदि)को साथ राम्रो व्यवहार गर्दैन ।

सूर्यादि देवभक्तः । धार्मिकः । अल्पभाग्यः । पितृद्वेषी सुतदारवान् । स्वोच्चे स्वक्षेत्रे तस्यपिता दीर्घायुः । बहुधनवान् । तपोध्यानशीलः । गुरु-देवताभक्तः । नीच रिपु पापक्षेत्रे पापैः युते दृष्टे वा पितृनाशः । शुभयुते वीक्षणवशाद् वा पिता दीर्घायुः । —भृगुसूत्र

अर्थ– नवमभावमा सूर्य हुने मनुष्य सूर्य आदि देवताहरूको भक्त अथवा पूजक हुन्छ । यो धार्मिक हुन्छ । यो अति भाग्यशाली चाहिं हुँदैन । यसको पितासङ्ग खट-पट हुन्छ । यसलाई स्त्री-पुत्रसुख मिल्दछ । यदि यो सूर्य उच्चराशिमा भए अथवा आफ्नो राशिमा भए यसको पिता दीर्घायु हुन्छ । यो धनाढ्य हुन्छ । तपस्वी र ध्यानी हुन्छ । गुरु तथा देवतामा श्रद्धा गर्ने हुन्छ । यदि यो रवि नीचराशि-शत्रुराशि तथा पापग्रह-राशिमा भए अथवा यो पापग्रहसङ्गै भए वा कुनै पापग्रहको दृष्टि भए त्यसको पिताको मृत्यु हुन्छ । तर यस स्थानको रविको साथमा शुभग्रह भएमा वा रविमा कुनै शुभग्रहको दृष्टि भएमा त्यस मनुष्यको पिता दीर्घायु हुन्छ ।

सामान्यतः यो जातक स्थिर, सम्माननीय, न्यायी, ईश्वरभक्त, व्यवहार राम्रो भएको हुन्छ, सूर्य जलराशिमा भए समुद्रमा पर्यटन गर्नेवाला (नाविक वा खोजी) हुन्छ । नवमभावमा सूर्यको फल मिश्रित हुन्छ । यसले जीवनको पूर्वार्धमा कष्ट, मध्य उमेर मा सुख र उत्तरार्धमा पुनः दुःख दिन्छ तसर्थ जीवनको मध्यमा नै बुद्धिमानीपूर्वक धर्म र अर्थ सञ्चय गरि हाल्नु पर्छ । मातृकुलसाथ द्वेषको सम्भावना बढ़ी रहने छ ।

मिथुन, तुला वा कुम्भमा यदि सूर्य भएमा मनुष्य लेखक, प्रकाशक, वा प्राध्यापक हुन सक्छ । कर्क, वृश्चिक मीनमा सूर्य भए मानिस कवी नाटककार व रसायनवेत्ता हुन्छ । वृष, कन्या र मकरमा यो सूर्य भए वैश्य कर्ममा चतुर हुन्छ । मेष, सिंह, धनुमा सूर्य भए मनुष्य सेना वा प्रहरीमा काम गर्दछ अथवा इञ्जिनियर हुन्छ । जे होस् यसले कमोबेस भए पनि ख्याति चाहिं अर्जित गर्दछ ।

–०–

दशम्भावफल

प्रयातोंऽशुमान् यस्य मेषूरणेऽस्य श्रमः सिद्धिदो राजतुल्यो नरस्य ।
जनन्यास्तथा यातनामातनोतिक्लमः सङ्क्रमेत् वल्लभैः विप्रयोगः ।।—ना.भट्ट

अर्थ– जसको जन्मलग्नको सूर्य दशौं स्थानमा छ भने त्यसको उद्यम सिद्धि दिने

हुन्छ । राजाको काम जस्तै यसको काम सहजै सफल हुन्छ । यसका माता-पितालाई कुनै न कुनै प्रकारका रोग हुन्छन् जसबाट यसलाई कष्ट हुन्छ । मित्र-स्त्री आदि प्रियजनबाट वियोगले गर्दा यसलाई दु:ख हुन्छ र यसको चित्तमा ग्लानि रहि रहन्छ ।

दिनाधीशे राज्ये जननसमये तस्यजनके,
जनन्यामार्तिः स्यादिहनिविडायस्य सहसा ।
श्रमात् सिद्धिः सर्वा क्षितिपति कृपाकीर्तिरतुला,
कलत्रापत्याद्यैः भवति विधूरा बुद्धिरनिशम् ।। —जीवनाथ

अर्थ– जुन मनुष्यको जन्मसमयको सूर्य दशमस्थानमा हुन्छ त्यसका माता-पिता-लाई अधिक कष्ट हुन्छ, परिश्रमद्वारा सहसा कार्यसिद्धि हुन्छ र राजाको कृपाले अतुलकीर्तिको लाभ हुन्छ । किन्तु स्त्री-पुत्रादिबाट रात-दिन मालिन्य रहन्छ ।

सुख-शौर्य भाक् रवे । —आचार्य वराहमिहिर

अर्थ– दशम भावमा सूर्य भएमा मनुष्य सुखी र शौर्ययुक्त बली हुन्छ ।

मानस्थिते दिनकरे पितृ-वित्त-शील
विद्या-यशो-बलयुतोऽवनि फल तुल्यः ।। —वैद्यनाथ

अर्थ– जन्म समयको सूर्य दशमभावमा भए पिताको सुख र वृत्ति अर्थात् धनागमको सुख दुवै मिल्छ । यसको आचरण शुद्ध हुन्छ । यो विद्वान, यशस्वी, तथा बलवान, हुन्छ । राजा समान ऐश्वर्य हुन्छ ।

दशम भुवन संस्थे तीव्रभानौ मनुष्यो
गुणगणसुखभागी दानशीलोऽभिमानी ।
मृदुलः शुचियुक्तो नृत्यगीतानुरागी
नरपतिरतिपूज्यः शेषकाले च रोगी ।। —मानसागर

अर्थ– जसको दशमभावमा सूर्य हुन्छ त्यो मनुष्य बहुगुणी हुन्छ र सुखी हुन्छ । दानी र अभिमानी हुन्छ । कोमल, पवित्र, नाच-गानमा सोख राख्ने तथा राजाहरूको प्रेमपात्र हुन्छ । वृद्धावस्थामा रोगी हुन्छ ।

सद्बुद्धिवाहनधनागमनानिनूनं भूपप्रसादसुतसौख्य समन्वितानी ।
साधूपकारकरणं मणिभूषणानि मेषूरणे दिनपतिः कुरुते नराणाम् ।।—ढुण्ढिराज

अर्थ– दशमस्थानमा सूर्य हुने मनुष्यको सद्बुद्धि हुन्छ । यसलाई धनागम र वाहनको सुख प्राप्त हुन्छ । यसमा राजाको कृपादृष्टि रहन्छ । यसलाई पुत्र सुख प्राप्त हुन्छ । यसले साधुस्वभावका मानिसहरूको उपकार गर्दछ । यसको घरमा मणि र अलङ्कारहरू हुन्छन् ।

अतिमतिरतिविभवबलः धनवाहनबन्धुपुत्रान् सूर्ये ।
सिद्धारम्भः शूरो दशमेऽधृष्यः प्रशस्यश्च ।। —कल्याणवर्मा

अर्थ– दशम भावमा सूर्य हुने मनुष्यको बुद्धि, धन-वैभव, र बल पनि राम्रो र पर्याप्त हुन्छ । यसलाई धनको सुख, सवारीको सुख, बन्धु-बान्धवको सुख, तथा पुत्र सुख प्राप्त हुन्छ । यसले जुन काममा हात हाल्छ त्यसमा सफलता प्राप्त गर्दछ । यो प्रशस्त बहादुर व्यक्ति हुन्छ । यसलाई कसैले डराउन सक्दैन । यो दृढचित्तको हुन्छ ।

ससुतयान स्तुति-मति-यश-बलाः रवे क्षितिपति ।। —मन्त्रेश्वर

अर्थ– दशमस्थानमा सूर्य हुने मनुष्य राजा हुन्छ । यसलाई पुत्रसुख, वाहनसुख मिल्दछ । यो यशवान हुन्छ; मतिवान, बलवान र कीर्तिमान हुन्छ ।

विक्रमी निगमविद् भवयुक्तश्चोपकार सुखभाग् गगनस्थे ।। —जयदेव

अर्थ– दशमभावमा सूर्य हुने मनुष्य पराक्रमशील, वेद-शास्त्र जान्ने, वैभवयुक्त, उपकारी र सुखी हुन्छ ।

दशमे अर्के बन्धुहीनः कुकर्मा शीलवर्जितः ।
स्त्रीचञ्चलः हीनतेजः हीनकेशश्च जायते ।। —काशीनाथ

अर्थ– दशम भावमा सूर्य हुने मनुष्य बन्धु-सुखरहित हुन्छ । यसले खराब काम गर्दछ । यसको आचरण राम्रो हुँदैन । यसकी स्त्रीपनि चञ्चल स्वभावकी हुन्छे । यो तेजस्वी हुँदैन । यसका केश पनि राम्रा हुँदैनन् ।

अष्टादशवर्षे विद्याधिकारेण प्रसिद्धो भवति, द्रव्यार्जन समर्थश्च । दृष्टित्रितः राजप्रियः सत्कर्मरतः राजशूरः ख्यातिमान् । स्वोच्चे स्वक्षेत्रे बलपरः । कीर्ति प्रसिद्धः । तटाक क्षेत्र गोपुरादि ब्राह्मण प्रतिष्ठा सिद्धिः । पापक्षेत्रे पापयुते पापदृष्टिवशात् कर्म विघ्नकरः, दुष्टकृतिः । अनाचारः, दुष्कर्मकृत् पापी । —भृगुसूत्र

अर्थ– दशमभावमा सूर्य हुने मनुष्य अठारौं वर्षको उमेरमा नै विद्यामा पूर्ण अधिकार प्राप्त गर्नाले प्रसिद्धि पाउँछ । धनार्जन गर्न समर्थ हुन्छ । यदि यस भावको सूर्यमा तीनोटा शुभग्रहको दृष्टि भए त्यो मनुष्य राजाको प्रिय हुन्छ । यो शुभकर्ममा रत रहन्छ । यो राजशूर र कीर्तिमान हुन्छ । सूर्य आफ्नो उच्चराशिको अथवा स्वक्षेत्री भए त्यो मनुष्य बलवान तथा विख्यात हुन्छ । तलाउ, कुवा, पोखरी, मन्दिर आदि निर्माण गराउँछ । यसले ब्राह्मणहरूको आदर गर्दछ । दशमभावको रवि पापग्रहको राशिमा वा कुनै पापग्रहको साथमा भए अथवा पापग्रहको दृष्टि भएमा त्यो मनुष्यको काम-कार्यमा रोकावट आउँछ, बाधा पर्दछ । यसले खराब काम गर्दछ, यसको आचरण शुद्ध र पवित्र हुँदैन । यो पापी तथा दुष्कर्म गर्नेवाला हुन्छ ।

काशीनाथ बाहेक सबैले दशम वा कर्म स्थानमा रहेको सूर्यको फल राम्रै बताएका छन् । सामान्यत: दशमभावको सूर्य आदि मेष, कर्क, सिंह, वृश्चिक तथा धनुमा भएमा मनुष्यले प्रहरी, सेना वा आयकारी विभागमा राम्रो नोकरी गर्दछ । यदि यो रवि वृष, कन्या, मकर, मीन, मिथुनमा भए त्यो मनुष्य उच्चाधिकारी हुन्छ । सम्मानजनक राज्याधिकारीको पद प्राप्त गर्दछ । वृश्चिकमा चाहिं कुशल चिकित्सक वा सर्जन हुने सम्भावना रहन्छ ।

–०–

एकादशभावफल

रवौ संल्लभेत् स्वं च लाभोपयाते नृपद्वारतो राजमुद्राधिकारात् ।
प्रतापानले शत्रवः सम्पतन्ति श्रियोऽनेकधा दुःखमङ्गोद्भवानाम् ।।

अर्थ– जन्मलग्न देखि एकादशभावमा सूर्य हुने व्यक्तिले राजद्वारबाट, वा राजाको कृपाले प्रशस्त धन प्राप्त गर्दछ । यसलाई राजमोहर लगाउने अधिकार अर्थात् उच्चाधिकार प्राप्त पद प्राप्त हुन्छ । तसर्थ यसले अरूमथि निग्रह-अनुग्रह गर्न सक्दछ । राजसत्ता र राजशक्तिको सदुपयोग गर्दै आफैलाई पनि विभिन्न पदवी सवारी साधन आदिले विभूषित गराउँछ र खूब धन कमाउँछ । यसको प्रताप-मान-प्रतिष्ठा-गौरव आदिले शिखर छुन्छ । यसको प्रबल प्रतापले शत्रुहरू भस्म हुन्छन् र आफैं ओइलाउँछन् । तर यसलाई सन्तान पक्षबाट भने सदैव दु:खमात्र मिल्छ ।

यदा लाभस्थानं गतवति रवौ यस्य सततं
धनानामाधिक्यं क्षितिपतिकृपातस्तनुभृतः ।
प्रातापाग्नौ शश्वत् पतति रिपुवृन्दं च परितः
स्वपुत्रात् सन्तापोभवति बहुधा वाहनसुखं ।। —जीवनाथ

अर्थ– जस्को एकादशभावमा सूर्य हुन्छ त्यस्लाई राजाको कृपाले पूर्ण धन लाभ हुन्छ । यस्को प्रतापाग्निबाट यस्का शत्रुहरूको नाश हुन्छ । यसलाई (हात्ती-घोडा-मोटर-गाड़ी आदि) अनेक थरि वाहनको सुख प्राप्त हुन्छ । परन्तु पुत्रबाट कष्ट हुन्छ ।

लाभे सूर्ये समुत्पन्नो नाना लाभ समन्वितः ।
सात्विको धार्मिको ज्ञानी रूपवानपि जायते ।। —काशीनाथ

अर्थ– जसको एकादशभाव(लाभस्थान)मा सूर्य रहन्छ त्यसलाई अनेक प्रकारको धनलाभ हुन्छ । यो सात्विक, धार्मिक कर्म गर्ने, ज्ञानी र सुन्दर हुन्छ ।

गीतविद् बहुधनी, शुभकर्मा प्राप्तिगे दिनमणौ गणनाथः ।। —जयदेव

अर्थ– एकादशभावमा सूर्य हुने मनुष्य गीतशास्त्रको ज्ञाता हुन्छ । त्यो, धनाढ्य, शुभकर्म गर्ने, जनतामा नेता वा गणनायक हुन्छ ।

भानौ लाभगते वित्तविपुलः स्त्री-पुत्रदास्यन्वितः ।। —वैद्यनाथ

अर्थ– जसको एकादशभावमा सूर्य स्थित हुन्छ त्यो महान धनी हुन्छ यसलाई स्त्री-पुत्रसुख प्राप्त हुन्छ । यसको घरमा सेवाको लागी दास-दासी उपस्थित रहन्छन् । अर्थात् यसलाई सबै प्रकारका सांसारिक ऐश्वर्य र सुख प्राप्त हुन्छ ।

सञ्चयनिरतो बलवान् द्वेस्यः प्रेष्यो विधेयभृत्यश्च ।
एकादशे विधेयः प्रियरहितः सिद्धकर्मा च ।। —कल्याण वर्मा

अर्थ– जुन मनुष्यको जन्मलग्नदेखि एकादश भावमा सूर्य हुन्छ त्यो धन सञ्चय गर्नमा लागि रहने हुन्छ, बलवान हुन्छ । मानिसहरू यससङ्ग द्वेष राख्छन् र यसको विरोध गर्दछन् । यसका नोकरहरू यसको आज्ञा अनुकूल काम गर्दछन् । यसलाई कुनै प्रियजनको वियोग सहनु पर्दछ । यसले जुन काम गर्दछ त्यसमा सफलता पाउँछ ।

गीतप्रीतिं चारूकर्मप्रवृत्तिं चञ्चत्कीर्तिं वित्तपूर्तिः नितान्तम् ।
भूपात् प्राप्तिं नित्यमेव प्रकुर्यात् प्राप्तिस्थाने भानुमत् मानवानाम् ।। —ढुण्ढिराज

अर्थ– जसको जन्म लग्नदेखि एकादशभावमा सूर्य स्थित हुन्छ त्यो मानिस गायन विद्यामा अति स्नेह राख्दछ । यस्को रुचि शुभकर्म गर्नमा हुन्छ । यसको कीर्ति र मान हुन्छ । यो धनले अत्यन्त परिपूर्ण हुन्छ । यसलाई राजाबाट सदा सर्वदा धन मिली राख्दछ ।

लाभे प्रभूत धनवान् ।। —आचार्य वराहमिहिर

अर्थ– यदि लाभस्थानमा सूर्य भएमा त्यो मनुष्य अत्यन्त धनवान हुन्छ ।

बहुतरधनभागीचायसंस्थे दिनेशे नरपति गृहसेवी भोगहीनो गुणज्ञः ।
कृशतनु धनयुक्तः कामिनीचित्तहारी भवति चपलमूर्तिः जातिवर्ग प्रमोदी ।।
—मानसागर

अर्थ– जन्मलग्नदेखि एकादशभावमा सूर्य भएको मनुष्य अत्यन्त धनवान हुन्छ । त्यो राजसेवक अर्थात् राज्यकर्मचारी हुन्छ । यो गुणग्राही हुन्छ । तर यसलाई उपभोगको सौभाग्य मिल्दैन । यो दुब्लो-पातलो शरीरको हुन्छ । धनयुक्त यो जातक कामिनीहरूको चित्त हर्ने सुन्दर र अत्यन्त फूर्तिलो हुन्छ । बन्धु-बान्धव र आपस्तका साथ अत्यन्त आनन्द गर्दछ ।

भवगतेऽर्के बहुधनायुर्विगतशोको जनपतिः ।। —मन्त्रेश्वर

अर्थ– एकादशभावमा सूर्य हुने व्यक्ति धनी र दीर्घायु हुन्छ । यसलाई कुनै शोकादि सहनु पर्दैन । यो राजा अथवा जनताको नायक हुन्छ ।

बहुधान्यवान् । पञ्चविंशतिवर्षे वाहनसिद्धिः । धनवाग्जाल द्रव्यार्जन समर्थः । प्रभुज्वरित भृत्यजनस्नेहः । पापयुते धान्यव्ययः । वाहनहीनः । स्वक्षेत्रे स्वोच्चे अधिक प्रावल्यम् । वाहनेशयुते बहुक्षेत्रे वित्ताधिकारः । वाहनयोगेन तु बहुभाग्यवान् । —भृगुसूत्र

अर्थ– एकादशभावमा सूर्य हुने व्यक्ति धेरै धन-धान्यको स्वामी हुन्छ । पच्चीस वर्षको आयुमा यसलाई सवारीको सुख प्राप्त हुन्छ । धनको प्रयोगले र चतुर बोलीले अर्थार्जन गर्न समर्थ हुन्छ । प्रभुत्ववान वा अधिकारी यस व्यक्तिका सेवकहरूले यसलाई प्रेम गर्दछन् । यदि यहाँ सूर्यको कुनै पापग्रहसङ्ग सम्बन्ध भए यसको धन खर्च भैहाल्छ र यसलाई सवारी सुख रहन्न । यदि सूर्य आफ्नो राशिको भए वा उच्च राशिको भए त्यो मनुष्य अधिक बलवान हुनेछ । यदि यसको साथमा वाहनेश भए धेरै प्रकारले यसलाई वित्ताधिकार प्राप्त हुन्छ । यसलाई सवारीको सुख पनि मिल्दछ र यो खूब भाग्यशाली हुन्छ ।

सामान्यत: एकादशस्थ सूर्यको फल सबैले उत्तमै भनेका छन् । यो जातक धनवान्, नोकर-चाकरादियुक्त, सुन्दर स्त्रीको पति, राम्रो भवनको मालिक, राम्रो पदार्थहरूको भोक्ता, कलाप्रेमी, गुप्त विचार गर्ने, सुन्दर आँखा भएको हुन्छ । यसका स्थिर र विश्वासीला मित्र हुनेछन् । रवि बलवान भए मित्रहरूले मद्दत् गर्ने छन् । किन्तु दूषित वा निर्बल भए त्यही मित्रहरू मद्दतको स्थानमा बोझ बन्ने छन् ।

यिनीहरूलाई कहिले सन्तानको अभाव त कहिले सम्पत्तिको अभाव हुन्छ । दुवैको सुख सूर्यको साथ अन्य पापग्रह-हरूले पनि शुभयोग प्रदान गरे भने मात्र पाइन्छ । सामान्यत: यो सूर्य आफूभन्दा ठूलो दाजुको लागी राम्रो हुँदैन ।

मेषमा भए सन्तानको अभाव हुन्छ । मिथुनमा भए दुई-तीन पुत्र हुन्छन् र मर्छन् । सिंहमा पापयुत वा पापग्रहले दृष्ट भए दारिद्र्योग हुन्छ । छोरीहरू धेरै हुन्छन् । तुलाराशिमा यो सूर्य भए धन, सम्मान, कीर्ति सबै मिल्छन् । कुम्भराशिको सूर्य भए त्यो मनुष्य दरिद्र हुन्छ । अरू पुरुष राशिमा भए केही अशुभ र स्त्री राशिमा भए विशेष शुभ हुन्छ ।

—o—

द्वादशभावफल

रविर्द्वादशे नेत्रदोषं करोति विपक्षाहवे जायतेऽसौ जयश्रीः ।
स्थितिर्लब्धया लीयते देहदुःखं पितृव्यापदो हानिरध्वप्रदेशे ।।—नारायणभट्ट

अर्थ– जुन मनुष्यको जन्मलग्नदेखि द्वादशस्थानमा सूर्य हुन्छ त्यसलाई नेत्रपीडा हुन्छ । शत्रुसङ्गको युद्धमा यसले विजयश्री प्राप्त गर्छ । अर्जित वस्तुको प्राप्तिमा स्थिरता रहन्छ । शरीरको दुःखको लय अर्थात् नाश हुन्छ । काकाहरूबाट आपत्ति आई पर्छन् । यात्रामा यसलाई हानी पुग्छ ।

व्यये चेदादित्ये जनुषि नयने कष्टमधिकं
क्षतिर्मार्गेऽकस्माद् निज वपुषिपीडा च निविडा ।
रिपूणां सङ्ग्रामे भवति विजयश्रीस्तनुभृतः
स्थितिर्योचाञ्चल्यात् जनकसहजार्तिश्चमहती ।। —जीवनाथ

अर्थ– बाह्रौं भावमा सूर्य हुने व्यक्तिले आँखाको रोगले अधिक कष्ट पाउँछ । बाटोमा हिंड्दा यसलाई अचानक धनहानी हुन्छ । यसको शरीरमा कुनै खास व्यथा हुन्छ । शत्रुसङ्गको युद्धमा यसलाई विजयश्री प्राप्त हुन्छ । यो चञ्चल हुन्छ त्यसैले यसको स्वभाव अस्थिर हुन्छ । यसको पिताका भाईहरूलाई महान कष्ट हुन्छ र यसको काकाहरूसङ्ग वैमनस्यता रहन्छ ।

स्वधर्महीनो द्रविणेनहीनः सरोग नेत्रो नृप चौर भीतिः ।
विरुद्धचेष्टो भवतिहमर्त्यो व्ययस्थितश्चेद् दिवसाधिनाथः ।। —जयदेव

अर्थ– द्वादशभावमा सूर्य हुने मनुष्य परम्परागत स्वधर्मको विरुद्ध हुन्छ र धर्मान्तरमा जान सक्दछ, यो निर्धन हुन्छ । यसलाई आँखाको रोग-रात्र्यन्धता (रतंधो) वा मन्ददृष्टिता हुन जान्छ । यसलाई राजा र चोरको भय हुन्छ । यिनीहरूद्वारा धनापहरणको यसलाई डर रही राख्दछ । यसको चेष्टा धर्मविरुद्ध तथा समाजविरुद्ध रहि रहन्छ ।

व्ययस्थिते पूषणि पुत्रशाली व्यङ्गः सुधीरः पतितोऽटनः स्यात् ।। —वैद्यनाथ

अर्थ– बाह्रौं भावमा सूर्य हुने मनुष्य पुत्रवान तथा धैर्यवान हुन्छ । शरीरको कुनै एक स्थानमा अङ्ग विकृत हुन्छ । यो धर्मदेखी पतित हुन्छ र यो व्यर्थमा यता-उता भौंतारिएर हिंड्ने हुन्छ ।

जडमतिरतिकामी चान्ययोषिद्‌विलासी
विहगगणविघाती दुष्टचेता कुमूर्तिः ।

नरपतिधनयुक्तः द्वादशस्थेदिनेशे
कथकजनविरोधी जङ्घरोगी कृशाङ्गः ।। —मानसागर

अर्थ– बाह्रौं स्थानमा सूर्य हुने मानिस जडमति हुन्छ । यो कामुक र परस्त्रीगामी हुन्छ । यसले पक्षी समुहको शिकार वा नाश गर्दछ । यो दुष्टचित्त र कुरूप हुन्छ । यसलाई राजाबाट धन प्राप्त हुन्छ । यसलाई जङ्घाको रोग लाग्दछ । यो दुर्बल शरीरको हुन्छ । जनसाधारणहरूसङ्ग यसले विरोध जनाउँछ ।

विकल शरीरः काणः पतितः बन्ध्यापति पितुरमित्रः ।
द्वादशसंस्थे सूर्ये बलरहितो जायते क्षुद्रः ।। —कल्याणवर्मा

अर्थ– जसको द्वादशस्थानमा सूर्य हुन्छ त्यो मानिस कानो हुन्छ तथा पतित हुन्छ । यसको शरीर विकल हुन्छ अर्थात् कुनै न कुनै रोग भैराख्छ । यो वन्ध्या स्त्रीको पति हुन्छ । यसले आफ्नो पिताको विरोध गर्दछ । यो बलहीन र तुच्छ स्वभावको व्यक्ति हुन्छ ।

पतितस्तुरिः फे ।। —आचार्य वराहमिहिर

अर्थ– द्वादशभावमा सूर्य हुने व्यक्ति पतित अर्थात् कुलपरम्परा र धर्मके विरोध गर्ने भ्रष्ट प्राणी हुन्छ ।

पितुरमित्रं विकलनेत्रो विधनपुत्रो व्ययगते ।। —मन्त्रेश्वर

अर्थ– द्वादशभावमा सूर्य हुने व्यक्तिको पितासङ्ग वैमनस्यता रहन्छ । यसका आँखा मन्ददृष्टि जस्ता रोगले विकल रहन्छन् । यो धन तथा पुत्रहीन हुन्छ ।

तेजोविहीने नयने भवेतां तातेन साकं गतचित्तवृत्तिः ।
विरुद्धबुद्धिः व्ययभावयाते कान्ते नलिन्यां फलमुक्तमार्यैः ।। —ढुण्डिराज

अर्थ– द्वादशस्थानमा सूर्य हुने मनुष्यको नेत्र ज्योतिहीन हुन्छ । यसको चित्तवृत्ति आफ्नो बाबुसङ्ग मिल्दैन र यो सदैव पितृ-विरोधी रहन्छ । जन्मदाता, पोषक, तथा शिक्षक समानको बाबु हो भनेर मान-मर्यादा केही राख्दैन । यस्को बुद्धि सदाचारको विरुद्धमा लागी रहन्छ ।

षट्त्रिंशद्वर्षे गुल्म रोगी । अपात्रव्ययकारी पतितः धनहानीः । गोहत्या-दोषकृत् परदेशवासी । भावाधिपे बलयुते वा देवतासिद्धिः । शय्या खट्वा-ङ्गादि सौख्यम् । पापयुते अपात्रव्ययकारी, सुखशय्याहीनः । षष्ठेशयुते कुष्ठरोगयुतः । शुभदृष्टियुते निवृत्तिः । पापी, रोगवृद्धिमान् ।

अर्थ– व्ययभावमा (द्वादशस्थान) सूर्य रहने व्यक्ति छत्तीसवर्षको आयुमा पेटमा वायुको रोगले पीडित हुन्छ । यसले कुपात्रहरूमाथि धन खर्च गर्दछ, स्वधर्मपतित

हुन्छ, यस्को धन असत् कर्मपट्टी मात्र खर्च हुन्छ र फलतः यो निर्धन हुन्छ । यसलाई गोहत्याको दोष लाग्छ र यो स्वदेश छाडेर परदेशमा वास गर्दछ । भावेश बलवान भएमा यसलाई देवसिद्धि प्राप्त हुन्छ । यसलाई शैय्या सुख पनी प्राप्त हुन्छ । द्वादशभावस्थ सूर्यको साथमा कुनै पापग्रहको युति छ भने यसको धन कुपात्रमाथि खर्च हुन्छ र शैय्या सुखबाट पनि वञ्चित रहन्छ । यस स्थानको रविसाथ षष्ठेश(रोगेश)को योग छ भने यसलाई कुष्ठ रोग हुन्छ । यदि यस स्थानको सूर्यको साथमा शुभग्रहको युति भए अथवा शुभग्रहको दृष्टि परेको भएमा कुष्ठ रोग दूर हुन्छ । अन्यथा यो मानिस पापकर्म गर्नेवाला हुन्छ र यसलाई नाना रोगहरूले बढी दुःख दिन्छन् ।

सामान्यतः यो व्यक्ति अत्यधिक परिश्रमले मात्र सफलता प्राप्त गर्दछ र जीवनको उत्तरार्द्धमा गएर मात्र केही सुखी हुन्छ । द्वादशस्थान-दुष्टस्थान भएकोले धेरैजसो लगभग सबैले यसमा सूर्यको अशुभफल नै भनेका छन् । द्वादशभावस्थ सूर्यको कुनै अशुभ पापग्रहसङ्ग युति छ भने यो दूषित सूर्यले गर्दा मानिस कुपात्रमाथि खर्च गर्ने हुन्छ ।

यहाँ को सूर्य शुभ राशिमा शुभग्रहादिसाथ वा तिनले दृष्ट भए स्त्री पतिव्रता हुन्छे र शय्यासुख प्राप्त हुन्छ पापग्रहसाथ सम्बन्ध भए र अशुभ राशिमा भए स्त्री कुलटा हुन जाने सम्भावना रहन्छ ।

■■